# कालिमाटी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

६ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



२०७४ असार

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्दछ । स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ । गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ ।

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । दशौं पञ्चवर्षीय योजना (२०७२-२०७७) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र तीन वर्षीय अन्तरिम योजना (२०७२/७३-२०७६/७७) ले पनि विकास योजना सम्बन्धका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।

घ) गाउँपालिकाभित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।

छ) गाउँपालिकाक्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई ब्यवस्थापनमा सहयोग गर्नु ।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले कालिमाटी गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरुलाई दिदै आएको अनुदानहरुमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँकाविभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत गाउँपालिकाआदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले कालिमाटी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधिएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : कालिमाटी गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

कालिमाटी गाउँपालिका नेपालको ६ नं. प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८० डिग्री २० मिनेट देखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ । ५००.७२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बनगाड, कुपिण्डे नगर, शारदा नगरपालिका र सुर्खेत जिल्ला पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ जिल्ला दक्षिणमा बाँके जिल्ला रहेको छ ।


यस गाउँपालिकाका नामाकरण यस भेगकै प्रसिद्ध कालिमाटी गंगामाला भगवतीको नामबाट रहन गएको हो । सोही भगवतीको पूण्य यस क्षेत्रलाई प्राचिनकाल देखि कालीमाटी भन्ने गरेको पाइन्छ । साविकका गा.वि.स.हरु कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर (पहिले कालिमाटी काल्चे) अगाडि कालिमाटी रहन गएको हो ।

तालिका नं. १ : **कालिमाटी गाउँपालिकाको बनावट**


| समावेश भएका साविक गा.वि.स./न.पा.हरु | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| लक्ष्मीपुर | १-९ | १ |
| कालिमाटी रामपुर | १,३,५,६,८ | २ |
| कालिमाटी रामपुर | २,४,७,९ | ३ |
| कालिमाटी काल्चे | ६-९ | ४ |
| कालिमाटी काल्चे | १-५ | ५ |
| काप्रेचौर | १-४ | ६ |
| काप्रेचौर | ५-९ | ७ |


सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा कालिमाटी गाउँपालिका रहेको छ तर अहिले गाउँपालिका विकासका सम्भावनामा पछाडि रहेको पाइन्छ ।सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी यो गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकाममा सामुदायिक र संस्थागत गरी ६ वटा मावि (शारदा जनकल्याण मा.वि. कक्षा १२ सम्म), ८ वटा निमावि र ३९ वटा प्रावि गरी जम्मा ५३ वटा शिक्षण संस्थाहरु संचालित छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति ९,३७८ जना (४०.७७%), दोस्रोमा मगर ७९५१ ( ३४.५६%) र तेस्रोमा कामी २४५७ जना (१०.६८%) हरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य

श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा विस्तारै आधुनिक कृषि तिर अग्रसर हुन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । गाउँपालिकामा माध्यामिक सम्मको शिक्षा हासिल गरि उच्च शिक्षा हासिल गर्नको लागी गाउँपालिका भन्दा बाहिर जानु पर्ने अवस्था रहेको छ । गाउँपालिकामा अधिकांश घरमा बती बाल्न मुख्य इन्धनको रुपमा सैार्य उर्जा प्रयोग भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने अहिले पनि टुकीको भरमा बस्नुपर्ने अवस्था छ । लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास, कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होली, गौरा, कृष्णजन्माष्टमी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।



कालिमाटी गाउँपालिका
N
Maintada
Sahare
Malarani
Nigalchula
Hiwalcha
Purandhara
Mahadevpuri
Kanchanapur
6
कापेचौर
7
कापेचौर
5
कालिमाटी काल्चे
4
कालिमाटी काल्चे
2
कालिमाटी रामपुर
3
1
81°45'0"E
81°48'0"E
81°51'0"E
81°54'0"E
81°57'0"E
82°0'0"E
82°3'0"E
82°6'0"E
82°9'0"E
28°27'0"N
28°24'0"N
28°21'0"N
28°18'0"N
28°15'0"N
28°12'0"N
28°9'0"N
28°6'0"N
Legend
Orthen Road
Foot trail
Temple
Settlement
Gaupalika_Boundary
Ward Boundary
Cultivated land 126.73 Sq.Km
Sand 4.81 Sq.Km
Water Body 15.8460 Sq.Km
Chir Pine Forest 122.08 Sq.Km
Chir Pine-Broad Leaved Forest 19.52 Sq.KM
Hill Sal Forest and bushes 206.766 Sq.KM
Lower Temperate Oak Forest 5.02 Sq.km
0 3 6 12 KM
North coverage :
28 ° 9 ' 0" to 28 ° 24 ' 0"
East coverage
81 ° 45 ' 0" to 82 ° 9 ' 0"

# कालिमाटी गाउँपालिकाको वडा विभाजन




कालिमाटी गाउँपालिकाको वडा निर्माण
N
81°45'0"E
81°48'0"E
81°51'0"E
81°54'0"E
81°57'0"E
82°0'0"E
82°3'0"E
82°6'0"E
82°9'0"E
28°27'0"N
28°24'0"N
28°21'0"N
28°18'0"N
28°15'0"N
28°12'0"N
28°9'0"N
28°6'0"N
28°3'0"N
Maintada
Sahare
Malarani
Nigalchula
Hiwalcha
Purandhara
Mahadevpuri
Kanchanapur
6
7
5
4
3
2
1
कापेचौर
कालिमाटी काल्चे
कालिमाटी रामपुर
लक्ष्मीपुर
संकेत
गाउँपालिका सिमाना
वडा सिमाना
0
3
6
12 KM
North coverage :
28° 9 ′ 0" to 28° 24 ′ 0 "
East Coverage :
81° 45′ 0" to 82° 9′ 0"

## २.२ भौगोलिक अवस्थिति



सल्यान जिल्लामा अवस्थित करीब ५००.७२ व.कि.मी. क्षेत्रफल रहेको यस कालिमाटी गाउँपालिका समुन्द्री सतहदेखि ३३० मी. देखि २४०० मी. को उचाईमा रहेको छ। यस गाउँपालिकाको उत्तरमा बनगाड कुपिण्डे, शारदा नगरपालिका र सुर्खेत जिल्ला पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ जिल्ला र दक्षिणमा बाँके जिल्ला रहेको छ। पहाडी क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र वनजंगल र खेतियोग्य अति उर्भर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जंगल तथा जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला गरी धेरै खोला तथा नदीहरु रहेका छन्।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२२ मा साविकका गाविसहरु लक्ष्मीपुर, कालिमाटी रामपुर, कालिमाटी काल्चे र काप्रेचौरलाई गाभेर जम्मा ७ वडाहरु कायम गरि कालिमाटी गाउँपालिका घोषणा गरिएको हो। यसको प्रशासनिक केन्द्र वडा नं. ३, रामपुरमा छ।



### २.३.१ मतदाता नामावली


तालिका नं. २ : **गाउँपालिकाको मतदाता नामावली**

| सि.नं. | मतदान केन्द्र, ठेगाना | वडा नं | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | कालिका प्रा.वि., हिगौरे | १ | ११४ | १०६ | २२० |
| २ | त्रिभुवन जनता मा.वि.,पोखरा | १ | १०१५ | ९६९ | १९८४ |
| ३ | सिर्जनशिल मा.वि.,फिगाने | २ | ९७७ | ९३७ | १९१४ |
| ४ | सरस्वती आ.वि.,फारुला | ३ | २३२ | १९७ | ४२९ |
| ५ | ने.रा.प्रा.वि.,ढोरेनी | ३ | ६१९ | ६८९ | १३०८ |
| ६ | ने.रा.प्रा.वि.,धरचौर | ४ | ९०९ | ८६९ | १७७८ |
| ७ | लक्ष्मी नि मा.वि., बालुवा | ५ | ५०६ | ४९० | ९९६ |
| ८ | जनता मा.वि.,दमादुवाली | ५ | ३६० | ३३५ | ६९५ |
| ९ | ने.रा.प्रा.वि.,काफलगैह्री | ६ | ३३१ | ३२१ | ६५२ |
| १० | ने.रा.आ.वि.,शितलपुर | ६ | २९५ | २५० | ५४५ |
| ११ | शारदा प्रा.वि.,र्‍याङ | ७ | ८०८ | ७९५ | १६०३ |
| | **जम्मा** | | ६,१६६ | ५,९५८ | १२,१२४ |
| | **प्रतिशत** | | ५०.८७ | ४९.१३ | १०० |

स्रोत: निर्वाचन ओयोग २०७४, नेपाल

यस कालिमाटी गाउँपालिकाको मतदाता नामावली तालिकामा उल्लेख गरिएको छ । तालिकामा देखाएअनुसार हाल कालिमाटी गाउँपालिकामा जम्मा १२,१२४ मतदाता छन् जसमध्ये पुरुष ६,१६६ जना( ५०.८७ प्रतिशत) र महिला ५,९५८ (४९.१३ प्रतिशत) जना छन् जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## २.४ भूक्षेत्र (टोपोग्राफी)



### २.४.१ माटोको बनावट र उर्वराशक्ति

समाज विकास क्रममा यसको आर्थिक तथा साँस्कृतिक पक्षलाई उजागर गर्न माटोले महान् भूमिका खेलको छ । त्यसमा पनि नेपाल र सल्यान जिल्ला जहाँको बहुसंख्यक जनभार कृषि पेशामा आश्रित छ । यहाँ माटो सर्वदा पूज्य र उल्लेख्य छ । तथापि, यहाँ माटोको बारेमा कुनै ठोस रुपमा सुक्ष्म रुपमा सम्भाव्यता अध्ययन भएको छैन । यस जिल्लाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको आधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ । यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरुमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ । जिल्लाको दक्षिणी भाग महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलौटे तथा खिईने खालको ढुङ्गाहरुको बढी मात्रामा बर्चश्व रहेको देखिन्छ जस्मा उब्जाउको सम्भावना ज्यादै न्यून रहन्छ । यस्का अलावा, जिल्लाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stone को मात्रा अत्यधिक रहेको छ, यस्मा समेत उत्पादनको सम्भावना न्युन रहन्छ । तथापि, पहाडी टार तथा नदी, वेशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन् । समग्र देशको नमूना अध्ययनका आधारमा यस जिल्लाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ ।

#### क) पाँगो माटो

यहाँका नदी बेसीहरुमा पाँगो माटोको प्रचुरता छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ । नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्याधिक उब्जाउ योग्य रहेका छन् । तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ । लगातार भू क्षय तथा वन विनाशका कारण नदीहरुले चून ढुगां, बलौटे, गेग्र्यानयुक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

#### ख) बलौटे माटो

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्युन कोटीको मानिन्छ । विशेष गरी पहाडी भू-भागहरुमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ ।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

यहाँको जमिनमा अधिकांश भु-भाग जंगल पर्ने गर्दछ । यहा उब्जाउ र खेतीयोग्य जमिन पनि रहेको छ । यहाँका जमीन जंगल, वस्तिहरु, नदी, खोला, चउर आदीको अतिरित्त भिरालो जमीन, कडा चटान, भावर क्षेत्रमा पनि वितरण भएको हो । भु-उपयोगका दृष्टिकोणले यहा धेरै जसो भू-भागमा जंगल रहेको छ भने बांकी भू-भागमा खेती गर्ने जमीन, चरण, क्षेत्र, मानव वस्ती, चटान पहर रहेको पाइन्छ । मुख्यतया यहाँको भू-भागम उपयोग देहाय अनुसार भएको पाइन्छ ।

- ✓ सिंचित जमिन
- ✓ असिंचित जमिन
- ✓ कृषिले ओगटेको जमिन
- ✓ वनजंगल ओगटेको जमिन


### २.४.३ हावापानी

यस गाउँपालिकामा भू-धरातलीय स्वरुपमा विविधता रहेकाले उचाई अनसार हावापानीमा पनि विविधता पाइन्छ । नदी खोलाको किनारमा उष्ण हावापानी पाइन्छ भने अन्य भूभागमा ठण्डा समशितोष्ण हावापानी पाइन्छ । यस गाउँपालिकामा न्युनतम २ डिग्री सेल्सियस देखि अधिकतम ३४ डिग्री सेल्सियस सम्म तापक्रम पाइन्छ । असार, साउन र भदौमा धेरै वर्षा भएतापनि हिउँदमा खासै त्यति वर्षा हुँदैन ।

तालिका नं. ३ : **तापक्रमको विवरण (सल्यान जिल्लामा आधारित)**

| क.सं. | महिना | औसत अधिकतम तापक्रम (डिग्री सेल्सियस) | औसत न्युनतम तापक्रम (डिग्री सेल्सियस) | कुल वर्षा (मिली लिटर) |
|---|---|---|---|---|
| १ | बैशाख | ३७.० | १४.० | ३४.० |
| २ | जेष्ठ | ३८.२ | १५.२ | ५९.६ |
| ३ | आषाढ | ३१.२ | १४.० | २९४.४ |
| ४ | श्रावण | ३०.० | १८.० | ५२२.१ |
| ५ | भाद्र | ३०.२ | १४.० | ८५.० |
| ६ | असोज | ३२.० | ११.२ | ६०.० |
| ७ | कार्तीक | २१.० | ७.० | ०.० |
| ८ | मंसिर | २८.० | २.२ | ४४.० |
| ९ | पौष | २५.४ | २.२ | ३३.८ |
| १० | माघ | २६.४ | ३.२ | ८.४ |
| ११ | फाल्गुण | ३२.० | ७.० | १९.६ |
| १२ | चैत्र | ३२.२ | ११.० | फाटफूट |

श्रोत: जल तथा मौसम विज्ञान विभाग, नेपाल




## २.५ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा मौरीपालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस कालिमाटी गाउँपालिकाको गाउँक्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार

गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरण मैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिकाका गहनाको रुपमा बजु भगवतीको मन्दिर, गंगामाला भगवती मन्दिर, आदि छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त कालिमाटी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ गाउँपालिकाक्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषी उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- ✓ सल्यान जिल्लामा अवस्थित यस गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।

- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ गाउँक्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस कालिमाटी गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास
- ✓ जनसहभागितामा कमि
- ✓ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ स्थानीय स्वायत्त शासन ऐन २०५५ वमोजिमको कर संकलन गर्न नसकिनु ।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- ✓ आकासे पानीमा निर्भर सिचाई
- ✓ पराम्परागत कृषि प्रणालि
- ✓ वर्षेनी ढुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.७ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध

गाउँपालिका/नगरपालिकाहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँहरुबिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत

जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ। अन्य पहाडी तथा तराईं क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू यहाँ भित्रिने गर्दछन् । यहाँका घरेलु उद्योगबाट उत्पादित वस्तु, मासुको लागी खसी, बोका, राँगा, हाँस, कुखुरा आदि विभिन्न गाउँ तथा नगरसम्म निकासी भएको देखिन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दको आय आर्जनमा बृद्धि भइरहेको छ । यीनै विविध कारणले अन्तर गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी नगरपालीका/गाउँपालिका तथा जिल्ला विकास समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.८ गाउँपालिका विकासमा देखिएका समस्या तथा चुनौतीहरू


बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ ।
- ✓ कालिमाटी गाउँपालिकाको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।


## २.१० नदी/खोला तथा ताल तलैयाहरु

गाउँपालिकाको वडा नं. २, ५ र ७ भएर बग्ने बबई नदी प्रमुख नदीको रुपमा रहेको। वडा नं. १, ३, २, ४ र ५ भएर बग्ने शारदा नदी अर्को मुख्य नदीको रुपमा रहेको छ। यस नदीले नदीका आसपासका सम्म भूभागमा सिँचाइ सुविधा पनि प्रदान गर्दै आइरहेको छ। यो नदी सल्यान जिल्लाको उत्तरबाट शुरु भएर यस गाउँपालिकाको वडा नं. ५ मा बबई नदीसँग मिसिन्छ।

यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रसस्त समभावना भएको कछुवा दह एउटा महत्वपूर्ण सम्पदाको रुपमा रहेको छ। गाउँपालिकाको वडा नं. ३ अवस्थित २१५ मीटर लम्बाई र ५२ मीटर चौडाई भएको यो दह महत्वपूर्ण धार्मिक स्थलको रुपमा अवस्थित छ। जेष्ठ शुक्ल पूर्णिमा र कोजाग्रत पूर्णिमाका दिन यहाँ भक्तजनहरुले पूजाआजा गर्नुका साथै फूलपाती समेत चढाउने गर्दछन्। यस दहको पानी समयानुसार कहिले रातो, कहिले अत्यन्तै निर्मल, कहिले अति पतझड हुने हुँदा यहाँ धार्मिक शक्तिको बास भएको विश्वास गरिन्छ।


कालिमाटी गाउँपालिका : नदी तथा खोलाहरु
N
81°45'0"E
81°48'0"E
81°51'0"E
81°54'0"E
81°57'0"E
82°0'0"E
82°3'0"E
82°6'0"E
82°9'0"E
28°27'0"N
28°24'0"N
28°21'0"N
28°18'0"N
28°15'0"N
28°12'0"N
28°9'0"N
28°6'0"N
Maintada
Sahare
Malarani
Nigalchula
Hiwalcha
Purandhara
Mahadevpuri
Kanchanapur
6
काप्रेचौर
7
काप्रेचौर
5
कालिमाटी काल्चे
4
कालिमाटी काल्चे
3
कालिमाटी रामपुर
1
लक्ष्मीपुर
2
कालिमाटी रामपुर
संकेत
गाउँपालिका सिमाना
वडा सिमाना
बालुवा
पानी
0 3 6 12 KM
North coverage :
28° 9 ′ 0" to 28° 24 ′ 0 "
East Coverage :
81° 45′ 0" to 82° 9′ 0"

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु



अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँपालिकाको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ । यहाँ भएका प्रमुख नदी/खोला तथा तालहरूमा जुमखोला, सिस्नेरी खोला, वाघमारे खोला, गिद्धेनी खोला, खप्परे खोला, गरगरे खोला आदि रहका छन् ।

तालिका नं. ४ : कालिमाटी गाउँपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको विवरण

| क्र.सं. | स्थान | मन्दिर/गुम्बा |
|---|---|---|
| १ | कालीमाटी रामपुर | कालीमाटी गंगामाला भगवती मन्दिर |
| २ | लक्ष्मीपुर | लक्ष्मीपुर शक्तिपिठ |
| | रामपुर | शिव मन्दिर |

श्रोत: जिल्ला विकास समिति, सल्यान

### कालिमाटी गंगामाला भगवती मन्दिर

कालिमाटी गाउँपालिका वडा नं ३ राजी गाउँ स्थित गंगामाला भगवती मन्दिर सल्यान जिल्लाामा रहेको प्रसिद्ध मन्दिर हो । टिनको छाना ढुंगाको गाह्रो र एक तले यो मन्दिर देवी शक्तिको आस्थाका कारण यहाँ टाढाटाढाबाट मानिसहरु पाठापाठी बलि चढाउन आउँदछन् । परापूर्व कालदेखि चल्दै आएको यो परम्परा आज पर्यन्त चलिरहेको छ । मगर जाती अन्तर्गतका राजीले यस मन्दिरमा पूजारीका रुपमा नियमित पूजा गर्दछन् । हाल यहाँ पुजारी राम बहादुर राजी हुनुहुन्छ । यहाँ श्रावण महिना वाहेक प्रत्येक महिना देवीको पूजाआजा र पाठापाठी चढाइन्छ । मंसिर पूर्णिमा र जेठको पूर्णिमामा यहाँ ठूलो मेला लाग्ने गर्दछ । दाङ, सुर्खेत, बर्दिया, रोल्पा, रुकुम, प्यूठान, अर्घाखाँची तथा भारतबाट समेत यहाँ भक्तजनहरु देवीलाई भाकाल गरिएका पाठा पाठी चढाउन आउने गरेको पाइन्छ ।



### लक्ष्मिपुर शक्तिपिठ

सदरमुकाम खलंगा देखि ८ कोष दक्षिण पश्चिममा रहेको लक्ष्मीपुरकोटमा प्रसिद्ध कमलाक्षी देवी भगवतीको मन्दिर छ । उक्त कोट निकै उँचाईमा रहेको र सो स्थानवाट सल्यान, रुकुम र रोल्पाका पर्वत श्रृङ्खला, शारदा किनारका उर्वर फाँटहरु र उत्तरका स्वेत हिमालय पर्वत श्रृंखलाहरु देख्न सिकन्छ । चैत्र वैशाख मिहनामा लालीगुँरासको फूलले ढपक्क सिंगािरने र जडिवुटीले भरिपूर्ण भैरहने कोट वरीपिरको वन ऋिषमुनीहरुको अकिञ्जन तपोवन झै देखिन्छ । कोटमा प्रत्येक वर्षको विजयादशमी भरी धुमधामले पूजाआजा गरी वली समेत चढाईन्छ । फूलपातिका दिन भण्डारीका सन्तानहरुवाट गुप्ता खोला देखि फूलपाती ल्याई मौलाघरमा भित्र्याइन्छ । यस मन्दिरको प्राङ्गणमा वाजा वजाउने ढुंगाको दमाहा र गाईको खुरले टेकेको पाईला भएको पत्थर देख्न सकिन्छ । नवदूर्गाको अष्मीको दिन यहाँ ठूलो मेला लाग्ने गदर्छ । निगालचुलाको हले ओढारवाट आई प्रत्येक वर्ष जात्रावाट एउटा मान्छे गायव गर्ने ब्रम्हापुरेको रोचक किवंदन्ती यस मन्दिरको मेलासँग गाँसिएको छ । 'जति भूरेराजा उती कोट' भन्ने भनाइलाई चरितार्थ गर्दै कुनै वेला अर्थात् वि.सं. ६१० मा जम्ली राजाका सन्तान भीम मल्लले उक्त मन्दिरको स्थापना गरी पूजाआजाको विधि विधान वाँधेका थिए ।

### कछुवा दह

कालीमाटी गाउँपालिकाको  विभिन्न ठाउँहरुमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु मध्ये कालीमाटी रामपुरमा अवस्थिती कछुवा दह महत्वपूर्ण धार्मिक स्थलको रुपमा मानिन्छ । यसको चौडाई २ मिटर रहेको भने लम्बाई २१ मिटर रहेको छ ।

## २.१२ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र मधेसी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे स्रग्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, कूल-थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, बारारवि अवल, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफितर, क्रिशमस डे, नयाँ वर्ष,  भ्यालेनटाईन डे, गौरा, होली, आइतबारी, देवीजात, धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य, पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरु रहेका छन् ।

## २.१३ सँस्कृति, कला, भाषा र साहित्य

कालिमाटी गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी गाउँका रुपमा रहेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँस लगायत विभिन्न किसिमका कला, सँस्कृतिहरु प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति , परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँतथा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँस्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

*(नोट*: मिति २०७३ फाल्गुन २७ गतेको नेपाल सरकारको निर्णयअनुसार साविकका गाविसहरु लक्ष्मीपुर, कालिमाटी रामपुर, कालिमाटी काल्चे र काप्रेचौर गाविसहरुलाई समेटेर ७ वटावडा कायम गरि कालिमाटी गाउँपालिका घोषणा गरिएको थियो ।)*

राष्ट्रिय जनगणना, २०६८ अनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या २३,००५ रहेको छ जस मध्ये पुरुष ४९.१२ प्रतिशत (११,३०० जना) र महिला ५०.८८ प्रतिशत (११,७०५ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९६.५४ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ४ ६जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५३.४६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४०.६० प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ५.९४ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार कालिमाटी गाउँपालिकामा ४,३४३ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये २.६१ प्रतिशत (६०१ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ३३९ जना पुरुष र २५२ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.३० जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

तालिका नं. ५ : **जनसंख्याको विवरण**

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | २३,००५ |
| पुरुष | ११,३०० (४९.१४ %) |
| महिला | ११,७०५(५०.८८ %) |
| लैंगिक दर (१०० महिलामा पुरुषको संख्या) | ९६.५४ |
| जम्मा घरधुरी | ४,३४३ |
| औषत परिवार आकार | ५.३० |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६५.०१ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ४६ |

स्रोत: राष्ट्रिय जनगणना २०६८


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं. ६ : **वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण**


| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ४९.३३ | ५.३७ | ७९१ | ४,२४५ | २०५७ | २१८८ | ८६ |
| २ | १५७.६ | ५.३५ | ६१९ | ३,३१० | १६०५ | १७०५ | २१ |
| ३ | २६.१८ | ४.९२ | ७०५ | ३,४६७ | १६४७ | १८२० | १३२ |
| ४ | ३१.८२ | ५.३८ | ६२५ | ३,३६० | १६६४ | १६९६ | १०६ |
| ५ | ११५.८८ | ५.६१ | ५६३ | ३,१५६ | १५४९ | १६०७ | २७ |
| ६ | ६३.३१ | ५.२४ | ४६९ | २,४५९ | १२२६ | १२३३ | ३९ |
| ७ | ५६.६ | ५.२७ | ५७१ | ३,००८ | १५५२ | १४५६ | ५३ |
| जम्मा | **५००.७२** | **५.३०** | **४,३४३** | **२३,००५** | **११,३००** | **११,७०५** | ४६ |

स्रोत : राष्ट्रिय जनगणना २०६८


मिति २०७३ फाल्गुन २७ गतेको नेपाल सरकारको निर्णयअनुसार साविकका गाविसहरु लक्ष्मीपुर, कालिमाटी, रामपुर, कालिमाटी काल्चे र काप्रचौर समेटेर ७ वटा वडाहरु कायम गरि कालिमाटी गाउँपालिका घोषणा गरिएको हो । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं १ रहेको छ जसमा जम्मा जनसंख्या ४,२४५ जनामा (पुरुषको २०५७ जना र महिलाको २१८८ जना) रहेको छ । यस वडाको औसत परिवार आकार ५.२७ र घरधुरी संख्या ७९१ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ६ रहेको छ जसको जनसंख्या २,४५९ जनामा( पुरुषको ११४५ जना र महिलाको १२८५ जना) रहेको छ भने यस वडाको घरधुरी संख्या ४६९ र औसत परिवार संख्या ५.२४ रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



# कालिमाटी गाउँपालिका


N
81°45'0"E
81°48'0"E
81°51'0"E
81°54'0"E
81°57'0"E
82°0'0"E
82°3'0"E
82°6'0"E
82°9'0"E
28°27'0"N
28°24'0"N
28°21'0"N
28°18'0"N
28°15'0"N
28°12'0"N
28°9'0"N
28°6'0"N
28°3'0"N
Maintada
Sahare
Malarani
Nigalchula
Hiwalcha
Purandhara
Mahadevpuri
Kanchanapur
6
काप्रेचौर
7
काप्रेचौर
कालिमाटी काल्चे
5
कालिमाटी काल्चे
4
कालिमाटी रामपुर
3
1
लक्ष्मीपुर
कालिमाटी रामपुर
2
संकेत
गाउँपालिका सिमाना
वडा सिमाना
0
3
6
12 KM
North coverage :
28° 9 ′ 0" to 28° 24 ′ 0 "
East Coverage :
81° 45′ 0" to 82° 9′ 0"

# कालिमाटी गाउँपालिकाको वडाअनुसार क्षेत्रफल (वर्ग कि.मि.मा)



## ३.३ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुन व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वाल विवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।


तालिका नं. ७ : **उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण**

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३२३७ | ३९०४ | ३०७ | ६६१ | ९० | १६ | ७ | ८२२२ |
| महिला | २८३३ | ४९५९ | १७५ | ६०९ | २०९ | ७ | १२ | ८८०४ |
| जम्मा | ६०७० | ८८६३ | ४८२ | १२७० | २९९ | २३ | १९ | १७०२६ |
| प्रतिशत | ३५.६५ | ५२.०६ | २.८३ | ७.४६ | १.७६ | ०.१४ | ०.११ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरको कुल जनसंख्या १७०२६ रहेको छ। जसमध्ये ६,०७० जना अविवाहित अर्थात कहिल्यै विवाह नभएको र बाँकी १०९५६ जना विभिन्न वैवाहिक स्थितीमा बाँधिएका छन्। यसरी विभिन्न वैवाहिक बन्धनमा बाँधिएका जनसंख्याहरुमा ८,८६३ जना (५२.०६ प्रतिशत) एक विवाह गर्नेर बहु विवाह गर्ने ४८२ जना (२.८३ प्रतिशत) रहेका छन्। पुन: विवाह गर्ने १२७०जना (७.४६ प्रतिशत), विधुवा/विधुर २९९ जना (१.७६ प्रतिशत), पारपाचुके भएका २३ जना(०.१४ प्रतिशत) र छुट्टिएका १९ जना(०.११ प्रतिशत) रहेको तथ्य माथीको तालिकाबाट प्रष्ट हुन्छ। कालिमाटी गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १०५५ (११.९० प्रतिशत) ले

बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा १३२ (२७.३९ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ८ : **पहिलो विवाह गर्दाको उमेरको विवरण**

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १७ | २३९ | २५८८ | १६७६ | ३५२ | ७३ | २७ | १० | ४ | ३ | ४,९८९ |
| महिला | २४ | ७३६ | ४०२२ | १०२६ | १२३ | ३८ | ६ | २ | १ | ४ | ५,९८२ |
| जम्मा | ४१ | ९७५ | ६,६१० | २,७०२ | ४७५ | १११ | ३३ | १२ | ५ | ७ | १०,९७१ |
| प्रतिशत | ०.३७ | ८.८९ | ६०.२५ | २४.६३ | ४.३३ | १.०१ | ०.३० | ०.११ | ०.०५ | ०.०६ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। कालिमाटी गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ६,६१० अर्थात् सबैभन्दा बढी (६०.२५ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २७०२ (२४.६३ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या ९७५ (८.८९ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ४१ (०.३७ प्रतिशत) रहेको देखिन्छ। गाउँपालिकामा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ९ : **जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १४१४ | १३१५ | २,७२९.०० | ११.८६ | १.०८ |
| ५-९ | १६६४ | १५८६ | ३,२५० | १४.१३ | १.०५ |
| १०-१४ | १६७२ | १६८९ | ३,३६१ | १४.६१ | ०.९९ |
| १५-१९ | १३३९ | १३८९ | २,७२८ | ११.८६ | ०.९६ |
| २०-२४ | ९४२ | ११५० | २,०९२ | ९.०९ | ०.८२ |
| २५-२९ | ७३५ | ९१६ | १,६५१ | ७.१८ | ०.८० |
| ३०-३४ | ६२८ | ७१९ | १,३४७ | ५.८६ | ०.८७ |
| ३५-३९ | ५५१ | ६६१ | १,२१२ | ५.२७ | ०.८३ |
| ४०-४४ | ४९८ | ५२८ | १,०२६ | ४.४६ | ०.९४ |
| ४५-४९ | ४०६ | ४२५ | ८३१ | ३.६१ | ०.९६ |
| ५०-५४ | ३९७ | ३६९ | ७६६ | ३.३३ | १.०८ |
| ५५-५९ | ३३८ | ३०७ | ६४५ | २.८० | १.१० |
| ६०-६४ | २८५ | २५९ | ५४४ | २.३६ | १.१० |
| ६५-६९ | १९९ | १८१ | ३८० | १.६५ | १.१० |
| ७०-७४ | १०५ | १०७ | २१२ | ०.९२ | ०.९८ |
| ७५-७९ | ७६ | ६४ | १४० | ०.६१ | १.१९ |
| ८०-८४ | ३१ | २३ | ५४ | ०.२३ | १.३५ |
| ८५-८९ | १७ | ८ | २५ | ०.११ | २.१३ |
| ९०-९४ | १ | २ | ३ | ०.०१ | ०.५० |
| ९५+ | २ | ७ | ९ | ०.०४ | ०.२९ |

| जम्मा | ११,३०० | ११,७०५ | २३,००५ | १००.०० | ०.९७ |
|---|---|---|---|---|---|

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या ९,३४०( ४०.६० प्रतिशत) रहेको छ, १५-४४ वर्ष उमेर समूहको जनसंख्या १०५६ (४३.७६ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १२,२९८ (५३.६० प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ८,१५३ (५२.९७ प्रतिशत) र पुरुषको जनसंख्या ७,५०६ (४७.०३ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ४.१३ प्रतिशत रहेको देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,३६७ (५.९४ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्त मात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा  मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।




## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण


यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। यस गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाती

९,३७८ जना (४०.७७%), दोस्रोमा मगर ७,९५१ (३४.५६%) र तेस्रोमा कामी २,४५७ (१०.६८%) रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १० : **कालिमाटी गाउँपालिकाको जनसंख्या र जातको विवरण**

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ९,३७८ | ४०.७७ |
| २ | मगर | ७,९५१ | ३४.५६ |
| ३ | कामी | २,४५७ | १०.६८ |
| ४ | सन्याशी/दशामी | ९०७ | ३.९४ |
| ५ | दमाई/ढोली | ८३४ | ३.६३ |
| ६ | ब्राम्हण पहाडी | ७५४ | ३.२८ |
| ७ | सार्की | २६६ | १.१६ |
| ८ | कुमाल | १२८ | ०.५६ |
| ९ | वादी | ९५ | ०.४१ |
| १० | गुरुङ | ६६ | ०.२९ |
| ११ | राउटे | ६६ | ०.२९ |
| १२ | ठकुरी | ५२ | ०.२३ |
| १३ | जनजाति अन्य | २४ | ०.१० |
| १४ | तराई अन्य | २० | ०.०९ |
| १५ | अन्य | ७ | ०.०३ |
| | **जम्मा** | **२३,००५** | |

स्रोत :राष्ट्रिय जनगणना २०६८




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण


तालिका नं. ११ :**मातृभाषा अनुसार जनसंख्याको विवरण**

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २२,२९२ | ९६.९० |
| ७ | हिन्दी | ४ | ०.०२ |

| | | | |
|---|---|---|---|
| २ | मगर | ६०३ | २.६२ |
| ३ | खाम्ची (राउटे) | ६६ | ०.२९ |
| ४ | भोजपुरी | ७ | ०.०३ |
| ५ | गुरुङ | ६ | ०.०३ |
| ६ | मैथिली | ४ | ०.०२ |
| | | | |
| ८ | राई | ३ | ०.०१ |
| ९ | उर्दु | २ | ०.०१ |
| १० | साङ्केतिक भाषा | २ | ०.०१ |
| ११ | उल्लेख नगरिएको | १३ | ०.०६ |
| १२ | अन्य | ३ | ०.०१ |
| | **जम्मा** | **२३,००५** | **१००.००** |

स्रोत :राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा बडो विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी नेपाली जातिको बसोबास रहेको हुँदा नेपाली भाषा नै बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात २२,२९२ (९६.९० प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा मगर भाषा ६०३ (२.६२ प्रतिशत), तेस्रोमा खाम्ची ( राउटे) भाषा बोल्नेको संख्या ६६(०.२९ प्रतिशत) रहेको पाइन्छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या २३,००५ मध्ये ३४.९५ प्रतिशत (८,०४१ जना) जनसंख्या आदिवासी (मगर, गरुङ र अन्य जातजातिरहेका छन् । मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, धामी, झाक्री जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ।

यी समुदायद्वारा कालिमाटी गाउँपालिकाका मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस गाउँपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत पछाडी परेको देखिन्छ। कालिमाटी गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायतर्फ विशेष ध्यान दिनु आवश्यक छ।

### उत्पीडित समुदाय

जात जातिको हिसावले कालिमाटी गाउँपालिकामा रहेका उत्पीडितहरूले लगभग १५.८७ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानविय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले यद्यपि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। कालिमाटी विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।


## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

तालिका नं. १२ :**धर्मअनुसार जनसंख्याको विवरण**

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | प्रकृति | इस्लाम | बहाई | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | २२००९ | ६३७ | ३२९ | ७ | २ | १ | २० | **२३,००५** |
| प्रतिशत | ९५.६७ | २.७७ | १.४३ | ०.०३ | ०.०१ | ०.०० | ०.०९ | **१००.००** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या २३,००५ जनाको लगभग ९५.६७ प्रतिशत (२२,००९ जना) हिन्दु, २.७७ प्रतिशत (६३७ जना) बौद्धधर्मावलम्बीहरु, १.४३ प्रतिशत र (३२९ जना क्रिशिचयन धर्मावलम्बीहरु रहेको पाईन्छ। यसैगरी प्रकृती धर्मावलम्बीहरु (०.०३ प्रतिशत) ७ जना, इस्लाम धर्मावलम्बीहरु (०.०१ प्रतिशत) २ जना छन् । माथिको तालिकामा कालिमाटी गाउँपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ । यी विविध तथ्यबाट गाउँपालिका धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




यस गाउँपालिकामा यहाँका क्षेत्री समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस गाउँका प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा हिन्दु धर्मलाई मानिरहेको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। यस समुदायका मानिसहरुले लोक जीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दु धर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे सङ्क्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, कूल-थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन्। यस गाउँपालिकामा बसोबास गर्ने मानिससहरुको भेषभूषाको बारेमा चर्चा गर्दा मगर जातका महिलाहरुको पहिरन लुंगी , चौबन्दी चोलो, पटुकी, घलेकहो भने अन्य महिलाको साडी, चोलो भएको पाइन्छ । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्। यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा राष्ट्रिय पोशाक दौरा-सुरुवाल, साडी-चौवन्दी चोलो लगाउने मानिस यदाकदा मात्र देखिनु स्वभाविक

हो । मगर  समुदायका मानिसहरुले चाडपर्वमा माछा, मासुसँग जाँड, रक्सी पिउने र विभिन्न प्रकारका नाचगान गर्ने गर्दछन् ।


## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १३ :परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| निजी | ७८० | ५९६ | ६५२ | ६१९ | ५५५ | ४४८ | ५५६ | ४,२०६ | ९६.८५ |
| भाडा | ७ | २२ | ५१ | २ | २ | ३ | १३ | १०० | २.३० |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०२ |
| अन्य | ४ | १ | २ | ४ | ६ | १८ | १ | ३६ | ०.८३ |
| उल्लेख नगरिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा कालिमाटी गाउँपालिकाका परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिका जम्मा ४,३४३ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ४,२०६ (९६.८५ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १०० (२.३० प्रतिशत रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी १ (०.०२ प्रतिशत) र अन्य घरधुरीको संख्या ३६ (०.८३ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. १ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (७८०) सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैगरी वडा नं. ६ मा सबैभन्दा कम (४४८) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १४ :   **महिलाका नाममा भएको घरको स्वामित्वको विवरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| भएको | ३७ | २९ | ४८ | ३९ | ९ | २ | ९ | १७३ | ३.९८ |
| नभएको | ७५१ | ५८८ | ६४९ | ५७७ | ५४५ | ४६१ | ५५६ | ४,१२७ | ९५.०३ |
| उल्लेख नगरिएको | ३ | २ | ८ | ९ | ९ | ६ | ६ | ४३ | ०.९९ |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा कालिमाटी गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या १७३ (३.९८प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ४,१२७ (९५.०३ प्रतिशत) रहेको छ भने, उल्लेख नगरिएको घरधुरी संख्या ३९ (०.९९ प्रतिशत) रहेको छ । जुन प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्नविभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको




## ३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण


तालिका नं. १५ :   **महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| भएको | ५५ | ७३ | ९४ | ४७ | १६ | ८ | १४ | ३०७ | ७.०७ |
| नभएको | ७३३ | ५४४ | ६०३ | ५६९ | ५३८ | ४५५ | ५५१ | ३,९९३ | ९१.९४ |
| उल्लेख नगरिएको | ३ | २ | ८ | ९ | ९ | ६ | ६ | ४३ | ०.९९ |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस कालिमाटी गाउँपालिकाको जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ३०७ (७.०७ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या

३,९९३ (९१.९४ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। जुन प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।




## ३.१२ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १६ :**अनुपस्थित घरधुरी र जनसंख्याको विवरण**

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी |
|---|---|---|---|
| **२०६८** | ४,३४३ | ८६९ | ५,९२३ |
| **प्रतिशत** | १००.०० | २५.१३ | ७४.८७ |

श्रोत : राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा २५.१३ प्रतिशत अर्थात ८६९ घरधुरी अनुपस्थिति रहेको देखिन्छ भने ७४.८७ प्रतिशत घरधुरी उपस्थित रहेको पाइन्छ। यस गाउँपालिका दुर्गम भएको हुनाले बढि सेवा सुविधाको खोजीमा शहर केन्द्रित भएको हुनाले गाउँपालिकामा घर खाली रहेको पाइन्छ ।

## ३.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


तालिका नं. १७ : **बाहिरी गारोका आधारमा घरको बनोटको विवरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | ७६३ | ६०४ | ६७६ | ६०५ | ५०१ | ३१० | ५०५ | ३,९६४ | ९१.२७ |
| सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ० | १ | २० | ६ | २ | १ | १ | ३१ | ०.७१ |
| काठ/फल्याक | ० | ७ | २ | ० | ३७ | १५३ | ५८ | २५७ | ५.९२ |
| बाँसजन्य सामग्री | २ | ० | ० | ० | १ | ० | ० | ३ | ०.०७ |
| अन्य | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०२ |
| उल्लेख नगरिएको | २६ | ७ | ७ | १४ | २२ | ५ | ६ | ८७ | २.०० |

| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १०० |
|---|---|---|---|---|---|---|---|---|---|

स्रोत : राष्ट्रिय जनगणना २०६८

माथिको तथ्यांकलाई हेर्दा यस कालिमाटी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको  इँटा तथा ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ३,९६४ (९१.२७ प्रतिशत) छ भने सबैभन्दा कम बाँसजन्य सामाग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या  (0.0७ प्रतिशत) रहेको छ । यसैगरी काठ तथा फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या २५७ (५.९२ प्रतिशत), सिमेन्टको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारोको घरधुरी संख्या ३१ (०.७१ प्रतिशत) र उल्लेख नगरिएको ८७ (२ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको इँटा तथा ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ७६३  वडा नं. १ मा रहेको देखिन्छ भने सबैभन्दा कम ३१० वडा नं. ६ मा रहेको पाईयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१४ छानाको आधारमा घरको बनोटको विवरण


तालिका नं. १८ :  **छानाको आधारमा घरको बनोटको विवरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| खर/पराल/छ्वाली | ६५३ | ४५३ | ४२४ | ४९७ | ४८२ | ४३७ | ३२२ | ३,२६८ | ७५.२५ |
| जस्ता/टिन/च्यादर | ४० | ६६ | १५४ | ९५ | ३८ | ११ | ५२ | ४५६ | १०.५० |
| टायल/खपडा/झिँगटी/ढुङ्गा | १६ | ५५ | ६८ | १४ | ११ | ४ | ११९ | २८७ | ६.६१ |
| सिमेन्ट/ढलान | १ | ० | ७ | ३ | २ | १ | २ | १६ | ०.३७ |
| काठ/फल्याक | ३ | ० | ० | ० | ० | ० | २ | ५ | ०.१२ |
| माटो | ५१ | ३८ | ४४ | ० | ७ | ११ | ६५ | २१६ | ४.९७ |
| अन्य | ० | ० | १ | ० | ० | ० | ३ | ४ | ०.०९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उल्लेख नगरिएको | २७ | ७ | ७ | १६ | २३ | ५ | ६ | ९१ | २.१० |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस कालिमाटी गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा खर,पराल, छ्वालीको छानो भएको घरको संख्या सबैभन्दा धेरै ३,२६८ (७५.२५ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै काठ फ्ल्याकको छाना भएको घरधुरी ५ (०.१२ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा जस्ता, सटन च्यादरको छाना रहेको घरधुरी ४५६ (१०.५० प्रतिशत) रहेको छ। टायल, खपडा, झीगटी तथा ढुंगाको छाना भएको घरधुरी २८७ (६.६१ प्रतिशत), माटोको छाना भएको घरधुरी २१६ (४.९७ प्रतिशत) र सिमेन्ट ढलानको छाना रहेको घरधुरी १६ (०.३७ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ र यही जानकारीलाई तलको ग्राफद्वारा पनि अध्ययन गर्न सकिन्छ।




## ३.१५ जगको आधारमा घरको बनोटको विवरण


तालिका नं. १९ : **जगको आधारमा घरको बनोटको विवरण**

| क्र.सं. | वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | ७६२ | ६०५ | ६९० | ६०६ | ४६३ | ३१० | ५१५ | ३,९५१ | ९०.९७ |
| २ | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | १ | १ | ० | ४ | १ | १ | ० | ८ | ०.१८ |
| ३ | ढलान पिल्लरसहितको | ० | ० | ५ | ० | ० | ० | १ | ६ | ०.१४ |
| ४ | काठको खम्बा गाडेको | १ | ६ | ३ | ० | ७६ | १५२ | ४९ | २८७ | ६.६१ |
| ५ | अन्य | १ | ० | ० | १ | १ | १ | ० | ४ | ०.०९ |
| ६ | उल्लेख नगरिएको | २६ | ७ | ७ | १४ | २२ | ५ | ६ | ८७ | २.०० |

| क्र.सं. | वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

कालिमाटी गाउँपालिकामा माटोको जोडाइ भएको ईटा तथा ढुंगाको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ३९५१ (९०.९७ प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको घरधुरी २८७ (६.६१ प्रतिशत), सिमेन्टको जोडाइको जग भएका घरधुरी ८ (०.१८ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या ६ (०.१४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथीको तालिका र तलको ग्राफमा उल्लेख गरिएको छ।




कालिमाटी गाउँपालिकाभित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाइ भएको ईटा तथा ढुंगाको जग भएको भवन रहेको पाईयो जसले कुल भवनहरु मध्ये ९०.९७ प्रतिशत ओगटेको देखिन्छ। यसैगरी कुल भवनहरु मध्य सिमेन्टको जोडाइ भएको ०.१८ प्रतिशत र सबैभन्दा कम ढलान र पिल्लर सहितको जग भएको ०.१४ प्रतिशत भएको पाईएको छ।

### भवन निर्माणका किसिमहरु

कालिमाटी गाउँपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढि ९०.९७ प्रतिशत माटाको जोडाइ भएको ईँटा तथा ढुङ्गाको जग, ९१.२७ प्रतिशत माटाको जोडाइ भएको ईँटा तथा ढुङ्गा र ७५.२५ प्रतिशत छाना चाहि खर/पराल/छ्वाली तथा ढुङ्गाको भएको पाईयो। गाउँपालिकामा भूकम्प जोखिम रहित भवन न्युन मात्र रहेकोमा कुनै पनि बेला भूकम्प आएको खण्डमा सजिलै भत्किने अवस्था छ तसर्थ यस्ता भवनहरु निर्माण कसरी गर्ने, भूकम्प आएको खण्डमा कसरी जोगिने, नयाँ भवन बनाउँदा कसरी बनाउने जस्ता विषय आधारीत चेतनामुलक कार्यक्रम गर्न जरुरी छ।

### भवन संवेदनशिलता

गाउँपालिकाहरुमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा

तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

## ३.१६ बसाई सराईको अवस्था

आर्थिक वृद्धि तथा रोजगारीका अवसरमा कमी हुनु तथा नागरिकको आवश्यकता तथा आकांक्षा समयानुकूल बढ्दै जाँदा गाउँपालिकामा बसाईसराईको गति तीव्र भएको देखिन्छ। गाउँपालिकामा बसाईसराई सम्बन्धी छुट्टै अध्ययन अनुसन्धान भएको अवस्थामा राष्ट्रिय जनगणना २०६८ को समयमा अनुपस्थित जनसंख्यालाई यहाँ बसाईसराई सम्बन्धी विवरण अनुसूची ३ मा रुपमा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाको समग्र भूभाग उच्च तथा मध्य पहाडी भूभाग र केही समथर भूमि समेत भएकोले पहाडी क्षेत्रबाट समथर भूभाग र अन्य जिल्लाका ग्रामीण क्षेत्रहरु र शहरी क्षेत्रहरुमा बसाइ सर्ने चलन बढी रहेकोछ। विगतको १० सशस्त्र द्वन्द्वबाट विस्थापितहरु पनि यस गाउँपालिकाबाट बसाईसराई गरेको पाइन्छ।

तालिका नं. २० : **व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण**


| वर्ष | जन्म | | | मृत्यु | | | विवाह दर्ता | आएको संख्या | गएको संख्या | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | | |
| २०७३/१/१-२०७३/१२/३१ | ४३२ | ५२६ | ९५८ | ६० | ६४ | १२४ | २६४ | ७८ | २०२ | २ |

श्रोत : कालिमाटी गाउँपालिका कार्यालय, २०७४

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकाको व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ४ : भू-उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण




तालिका नं. २१ :भू-उपयोग विश्लेषण २०११

| विवरण | क्षेत्रफल (कि.मी.) | प्रतिशत |
|---|---|---|
| **खेती योग्य जमिन** | १२६.७३ | २५.३१ |
| **वनजंगल** | ३५३.३४ | ७०.५७ |
| **पानी** | १५.८४ | ३.१६ |
| **अन्य** | ४.८१ | ०.९६ |
| **कुल क्षेत्रफल** | ५००.७२ | १००.०० |

स्रोत : नापी विभाग, २०७४

कालिमाटी गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको भण्डै २५.३१ प्रतिशत (१२६.७३ वर्ग कि.मी.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ७०.५७ प्रतिशत (३५३.३४ वर्ग कि.मी.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै कालिमाटी गाउँपालिकामा पानीले करिव ३.१६ प्रतिशत (१५.८४ वर्ग.कि.मी.) जमिन ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

### ४.१.१ सार्वजनिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजानिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका ) को क्षेत्राधिकार तोकेको पाइन्छ । जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजानिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरुबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरु, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । कालिमाटी गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौरकुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविस अनुसार दिइएको छ । जसको विस्तृत विवरण तालिकामा उल्लख गरिएको छ ।

तालिका नं. २२ : **सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफलको विवरण**

| सि.नं. | साविकका गा.वि.स. हरु | क्षेत्रफलको विवरण |
|---|---|---|
| १ | रामपुर | १४३०१-३-३ |
| २ | कालिमाटी काल्चे | २४५१९-०-१-३ |

| ३ | लक्ष्मीपुर पोखरा | ८६१९८-२-०-१ |
|---|---|---|

श्रोत: मालपोत कार्यालय, सल्यान

## ४.२ शहरीकरणको स्वरुप

कालिमाटी गाउँपालिका सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा गाउँको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। कालिमाटि गाउँपालिकाले गाउँ विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs), सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TLO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली ( Planning) आदिलाई समोवस गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजानिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ४.२.१ जग्गा विकास कार्यक्रम(Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

- ✓ निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)
- ✓ जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)
- ✓ घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु गाउँक्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

#### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स

वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा गाउँविकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । स्थानीय स्वायत्त ऐन, २०५५ वमोजिम जग्गा विकास सम्बन्धी काम गाउँपालिकाआफैले गर्न सक्छ ।

**(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):**

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):**

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने

कार्य हुन्छ। व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

कालिमाटी गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि तउपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य गाउँपालिहरुको दाँजोमा सुलभ रहेको सन्दर्भमा गाउँका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँक्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

गाउँपालिकाको कुल ४३४३ परिवारहरू मध्ये, घरको जग माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९०.९७ प्रतिशत, बाहिरि गाह्रो माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९१.२७ प्रतिशत खर/पराल/छ्वाली छाना भएका घरधुरी ७५.२५ प्रतिशत छन्। आवास घर निर्माणमा कालिमाटी गाउँपालिकाको स्थिति राम्रो रहेको छ। गाउँपालिकामा कुल १०० (२.३० प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ४,२०६ (९६.८५ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँभित्र १ (०.०२

प्रतिशत) घर संस्थाले उपयोग गरेका छ। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिकासाथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्याधिक बसाई सराईका कारणबाट गाउँक्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलत: गाउँका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ प्रकोपको स्तर

तालिका नं. २३ :गाउँपालिकाको प्रकोपको स्तर

| क.सं | साविकका गा.वि.स | प्रकोपको स्तर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिरो | बाढी | हुरीबतास | आगलागी | सवारी | महामारी | खडेरी | भुकम्प |
| १ | काप्रेचौर | मध्यम | मध्यम | उच्च | उच्च | न्यून | उच्च | न्यून | न्यून |
| २ | कालिमाटी काल्चे | मध्यम | मध्यम | न्यून | मध्यम | न्यून | न्यून | न्यून | न्यून |
| ३ | कालिमाटी रामपुर | उच्च | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | न्यून | न्यून |
| ४ | लक्ष्मीपुर | न्यून | मध्यम | न्यून | न्यून | न्यून | न्यून | उच्च | न्यून |

श्रोत: जिल्ला विकास समिति, सल्यान

माथिको तालिकामा कालिमाटी गाउँपालिकामा प्रकोपको स्तरको वर्णन गरिएको छ । तालिकामा देखाएअनुसार साविकका गा.वि.स.हरुमा पहिरो, बाढी, हुरीबतास, आगलागी, सवारी दुर्घटना, महामारी, खडेरी, भुकम्प आदि लगायतका प्रकोपहरुको स्तरको मापन गरिएको छ । गाउँपालिकामा क्षेत्रअनुसार प्रकोपको मापन गरिएको छ। यस्ता प्रकोपहरु न्यून गर्न विभिन्न चेतनामुलक कार्यक्रम गर्नुपर्ने देखिन्छ। जस्तै गाउँपालिकाममा वनजङ्गल क्षेत्र प्रशस्त भएकाले जंङ्गलमा आगालागी हुन नदिन आगो बालेर सलाईको काटी वा चुरटको ठुटो जङ्गलमा वा जङ्गल छेउछाउ तिर नफाल्ने, आगलागी भएको खण्डमा आगालागीबाट कसरी बँच्ने र आगो कसरी निभाउने जस्ता जनचेतनामुलक कार्यक्रम गर्न जरुरी देखिन्छ।

गाउँपालिकामा महामारीको प्रकोप पनि उच्च रहकोले विभिन्न रोगबाट बच्न, फाहोर मैला जतातती नफाल्न, बिरामी भएमा तुरुन्त नजिकैको स्वास्थ्य चौकी वा अस्पतलमा लैजाने जस्ता कार्यहरु गरेमा महामारी धेरै मात्रमा न्यून हुन सक्छ । त्यस्तै हुरिबतास, पहिरो खडेरी आदि जस्ता प्रकोपबाट बच्न गाउँपालिकामा विभिन्न कार्यक्रमहरु गर्नुपर्ने देखिन्छ।

## ४.७ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २४ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेका छन् । | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पशंचात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका लागि रहेका छन् । मील, फर्निचर उद्योग, धागोको उद्योग, केसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँका मानिसहरु उल्लेखनिय रुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ । यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये सल्यान जिल्ला र विशेषत: कालिमाटी गाउपालिकामहत्वपूर्ण स्थान रहेको छ । पर्यटन व्यवसाय, होटेलहरु, होमस्टे, मील, फर्निचर उद्योग, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् । साथै यो गाउँ पर्यटकीय तथा व्यापारिक दृष्ट्रिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। कालिमाटी गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकामा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २५ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| २३,००५ | ५,८३४(४७.४३) | ६,४६४(५२.५६%) | १२,२९८(५३.४५%) |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ५,८३४ (४७.४३ प्रतिशत), महिलाको संख्या ६,४३४ (५२.५६ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता ५.१३ प्रतिशत देखिन्छ भने गाउँपालिकाको कुल

जनसंख्याको १२,२९८ अर्थात् ५३.४५ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ४६.५४ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २६ : **आश्रित जनसंख्याको विवरा**

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित बालबालिका (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| २०६८ | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | **जम्मा** | **प्रतिशत** |
| | ९३४० | ८७.२३ | १३६७ | १२.७७ | **१०,७०७** | **४६.५०** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ९,३४० (८७.२३ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १३६७ (१२.७७ प्रतिशत) देखिन्छ । कुल जनसंख्या मध्ये जम्मा आश्रित जनसंख्या १०,७०७ (४६.५० प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। गाउँपालिकामा जनताको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ

भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।कालिमाटी गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### (क) हिउदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहन, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा ,आँप, अम्बा, लिचि, कटहर, आरु, नास्पति, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली, माछा रहेका छन् ।

### (ख) वर्षे बाली

गाउँपालिका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन् ।

## ५.४.२ कृषक समूहको विवरण

तालिका नं. २८ : **जील्ला कृषक समूहको विवरण**

| क्र. स. | समूहको किसिम | कृषक समूह संख्या | | | सदस्य संख्या | | जम्मा सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | मिश्रित | महिला | पुरुष | |
| १. | खाद्यान्न वाली | ३० | १३ | ६८ | ७८७ | ८६९ | १६५६ |
| २. | सुन्तला | ५ | १० | २८ | २९० | ४८४ | ७७४ |
| ३ | स्याउ | २ | ३ | १ | ३० | ६६ | ९६ |
| ४ | आँप | १ | २ | ५ | २५ | ८३ | १०८ |
| ५ | तरकारी बाली | ३१ | १६ | ५४ | ७४४ | ७७३ | १५१७ |
| ६ | आलु बाली | ० | ६ | ४ | ४८ | ९९ | १४७ |
| ७ | बीउ उत्पादन | १ | २ | ५ | ७० | १२३ | १९३ |
| ८ | तरकारी बाली | ० | १ | २ | १८ | ४८ | ६६ |
| ९ | अन्न बाली | ० | १ | २ | ३५ | ६० | ९५ |
| १० | रेशम खेती | ० | ० | ० | ० | ० | ० |
| ११ | मौरी पालन | २ | २ | २ | ४० | ५६ | ९६ |
| १२ | च्याउ खेती | १ | ० | ० | १५ | | १५ |
| १३ | आइ पि. एम | १ | ० | १ | २६ | १९ | ४५ |
| १४ | मसला बाली | ४ | २ | २ | ४५ | ८४ | १२९ |
| १५ | अदुवा | ४ | २ | २ | ४५ | ८४ | १२९ |
| १६ | बजार | ० | ० | ४ | २७ | ५० | ७७ |
| | जम्मा | ८२ | ६० | १८० | २२४५ | २३७ | ५१४३ |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७१

यस सल्यान जिल्लामा आ.व. २०७०/०७१ मा ३२२ वटा कृषक समूहहरु मध्ये महिला कृषक समूहहरु ८२ र पुरुष कृषक समूहरुको संख्या ६० रहेका छन् । लैंगिक हिसाबले महिला कृषि समूहको संख्या २२ ले

बढी देखिन्छ भने मिश्रित कृषक समूहहरुको संख्या १८० देखिन्छन् । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ५.४.३ कृषी बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २९ : **विभिन्न बालीमा लाग्ने रोग विवरण**

| क्र.सं. | बालीमा लाग्ने मुख्य रोग | बालीमा लाग्ने मुख्य मुख्य कीराहरु | झारपात | प्राकृतिक शत्रुहरु |
|---|---|---|---|---|
| धान | डढुवा, गरुवा, खैरा | फौजी कीरा, फड्के, सिरु | सामा, पोथो, सिरु | बाँदर, चरा, मुसा |
| मकै | डाँठ कुहिने, घोगा कुहिने | फेद कटुवा, गवारो, खुम्रे | हनुमान, सिरु | डढुवा, गरुवा, खैरा |
| गहुँ | सिदुरे, कालोपोके | लाही, पनेरो, भुसिले | | डाँठ कुहिने, घोगा कुहिने |

स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२

### ५.४.४ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन कालिमाटी गाउँपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन् ।

तालिका नं. ३० : **कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण**

| सि.न. | सेवा केन्द्र र उपसेवा केन्द्र | क्षेत्र नं. | इलाका | अन्तगर्तका साबिकका गा.वि.स.हरु |
|---|---|---|---|---|
| १ | रामपुर | २ | १ | कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर |

स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२

तालिका नं. ३३ : **मौरीपालन सम्बन्धी विवरण**

| आधुनिक मौरीघारको संख्या | | | | |
|---|---|---|---|---|
| परम्परागत मौरीघारको संख्या | | | | |

स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२

तालिका नं. ३४ : **बाली पात्रो**

| क्र.सं. | बालीको नाम | बाली लगाउने समय | बाली टिप्ने समय |
|---|---|---|---|
| १. | धान | आषाढ, श्रावण | कार्तिक, मंसीर |
| २. | गहुँ | कार्तिक, मंसीर | चैत्र, वैशाख |
| ३. | मकै | वैशाख, जेष्ठ | भाद्र, असोज |
| ४. | आलु | फाल्गुन, चैत्र | आषाढ, श्रावण |
| ५. | हिउँदे आलु | असोज, कार्तिक | पौष, माघ |
| ६. | तोरी | असोज, कार्तिक | पौष, माघ |
| ७. | हिउँदे तरकारी | असोज, कार्तिक | मंसीर, पौष |
| ८. | तरकारी | वैशाख, जेष्ठ | श्रावण, भदौ |
| ९. | वैमौसमी तरकारी | आषाढ, कार्तिक, मंसीर, पौष | असोज, चैत्र, वैशाख |
| १०. | तरकारी बीऊ | असोन, कार्तिक | चैत्र, वैशाख |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७१

## ५.४.९ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । गाउँ निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारकिरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । गाउँपालिकामा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको ( तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

तालिका नं. ३५ : **बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)**

| सि. नं. | बजारको नाम र प्रकृति (थोक,हाट,संकलन केन्द्र) | वडा नं. |
|---|---|---|
| १ | पुतली बजार | ३ |
| २ | टाट्के बजार | २ |
| ३ | असुरेनी बजार | ४ |
| ४ | पोखरा बजार | १ |
| ५ | घुइएबारो बजार | ७ |
| ६ | ढोरेनी हाट बजार | ३ |

स्रोत : गाउँ कार्यापालिकाको कार्यालय, २०७४

## ५.४.१० कृषि पकेट क्षेत्रको बिबरण

तालिका नं. ३६ :**कृषि पकेट क्षेत्रको विवरण**

| क्र.सं. | बाली | सम्भाव्य पकेट क्षेत्र |
|---|---|---|
| १ | धान | रामपुर, रागेचौर, भोटेचौर, काभ्रा र मुलखोला |
| २ | मकै | थारमारे, भल्चौर, मार्के |
| ३ | गहुँ | रामपुर, रागेचौर, भोटेचौर, काभ्रा, मुलखोला |
| ४ | सुन्तला | कोटमौला, दमाचौर, जिमाली, भल्चौर |
| ५ | पतझड फलफूल | निगालचुला, भल्चौर, सारपानी गर्पा, कोटमौला |
| ६ | फलफूल | छाँयाक्षेत्र, त्रिवेणी, काभ्रा कालिमाटी रामपुर |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान

कालिमाटी गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

## ५.४.१२ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा कालिमाटी गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## ५.४.१३ एग्रोभेट सम्बन्धि विवरण

गाउँभरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ । औषधी व्यवसायी संघ सल्यानका अनुसार जिल्लामा दर्ता भएका नभएका गरी आधा दर्जन भन्दा बढी भेटेरिनरी औषधी पसलहरु संचालित छन् । जसमध्ये ४ वटा भेटेरिनरी औषधी पसलहरु यस कालिमाटी गाउँपालिकामा संचालित छन् ।

तालिका नं. ३८ : **एग्रोभेट सम्बन्धि विवरण**

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना |
|---|---|---|
| १ | विना एग्रोभेट सेन्टर | कालिमाटी रामपुर-२ |
| २ | विनिता एग्रोभेट सेन्टर | कालिमाटी काल्चे-४ |
| ३ | बालकृष्ण एग्रोभेट सेन्टर | काप्रेचौर-६ |

| | | |
|---|---|---|
| ४ | नवविकास एग्रोभेट सेन्टर | कालिमाटी रामपुर-३ |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७१

### ५.४.१४ मलखाद बिक्रेताहरुको विवरण

तालिका नं. ३९ : **मलखाद बिक्रेताहरुको विवरण**

| एग्रोभेटको संख्या | ठेगाना |
|---|---|
| ५ | कालिमाटी रामपुर ३ |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७१

### ५.४.१६ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं. ४० : **कृषि सहकारी संस्थाहरुको विवरण**

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | बिष्णु कृषि सहकारी संस्था लि. | काप्रेचौर, घुइयाबारी |
| २ | जनएकीकृत कृषि सहकारी संस्था लि. | लक्ष्मीपुर, पोखरा |
| ३ | महादेव बहुउद्देश्यीय कृषि स.सं.लि. | रामपुर |
| ४ | गंगामाला कृषि सहकारी संस्था लि. | कालीमाटी काल्चे |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७१

## ५.५ सिंचाइ

गाउँपालिका सतह एवं भुमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

### भूमिगत सिचाई :

गाउँपालिकामा भुमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

यस कालिमाटी गाउँपालिकामा हाल तीनवटा सिँचाई योजना चालु अवस्थमा छ । रामपुर सिँचाई योजनाले करिब १२० हेक्टर जमिनमा सिंचाई सुबिधा पुगेको छ भने दम्दवाली सिंचाई योजनाले १६ हेक्टर र काँरागिठी सिंचाई योजनाले ४३ हेक्टर जमिनमा सिंचाई सुबिधा पुगेको छ । गाउँपालिकामा तिनवटै सिंचाई योजनाले कूल १७९ हेक्टर जमिन ओगटेको छ र यस बाट मुख्यताय कृषि पेशामा आबद्ध कृषकहरुले धेरै

फाइदा लिनसकेका छन् । गाउँपालिकामा सबै जसो ठाउँमा सिँचाईको व्यवस्था नभएकाले गाउँका बासिन्दाहरु खेतिपातीको लागि आकाशे पानीमा निर्भर हुनुपर्ने अवस्था छ ।

तालिका नं. ४२ : **कालिमाटी गाउँपालिकामा सिंचाई स्थिति**

| योजनाको नाम | स्थान | सिंचाई क्षेत्रफल |
|---|---|---|
| रामपुर सिंचाई योजना | साबिकका रामपुर गा. वि. स. | १२० हेक्टर |
| दम्दवाली सिंचाई योजना | साबिकका कालिमाटी काल्चे गा. वि. स. | १६ हेक्टर |
| काँरागिठी सिंचाई योजना | साबिकका काँरागिठी गा.वि.स. | ४३ |
| | **जम्मा** | **१७९ हेक्टर** |

श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७३

तालिका नं. ४३ : **साना सिंचाई आयोजना आ.व. २०७१/७२ प्रगती विवरण**

| सि. नं. | आयोजनाको नाम | समूहको नाम | ठेगाना | लाभान्वित घरधुरी संख्या | लाभान्वित जनसंख्या | क्षेत्रफल (हे.) | कूल लागत (रु) | कार्यालयबाट अनुदान |
|---|---|---|---|---|---|---|---|---|
| १ | चौडी सिंचाई आयोजना | नमुना तरकारी उ.कृ.स. | रामपुर ३ | ३९ | ३०७ | ५.२ | ९६,००० | ८०,००० |
| २ | पानीखोला सिंचाई आयोजना | धागछरी कृ.स. | रामपुर ३ | १८ | १५४ | ८.२५ | ५४,००० | ४५,००० |
| ३ | दूम्दूवाली सिंचाई आयोजना | त्रिवेणी कृ.स. | का. काल्चे ५ | ९६ | ९१४ | १६ | ६०,००० | ५०,००० |
| ४ | मैसेरी सिंचाई आयोजना | शिवशक्ति स्वावलम्बन समूह | का. रामपुर २ | ३१ | ३७६ | ६.७ | ६०,००० | ५०,००० |
| ५ | कवई खोला सिंचाई योजना | कवईखोला कृषि उ.स. | का. रामपुर ३ | १८ | २६७ | ५.५ | ९२,०९९ | ६०,००० |
| ६ | चापी सिंचाई आयोजना | देउराली कृ.स. | लक्ष्मीपुर १ | ३३ | ४१९ | २.७ | ४८,००० | ४०,००० |
| | | **जम्मा** | | **२३५** | **२,४३७** | **४४.३५** | **४,१०,०९९** | **३,२५,०००** |

श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७२

यस कालिमाटी गाउँपालिकामा हाल जम्मा ६ वटा साना सिंचाई आयोजना सञ्चालनमा आएका छन् । यस सिंचाई ओयाजनाहरुले कूल ४४.३५ हेक्टर जमिन ओगटेको देखाइको छ । कूल लागत रु.४,१०,०९९ लगाएर निर्माण भएका यस सिचाई योजनाले करिब २३५ घरपरिवार तथा २,४३७ जनसंख्या लाभान्वित भएका छन् ।

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

तालिका नं. ४४ : पशु सेवा केन्द्रहरु

| क्र. सं. | सेवा केन्द्रको नाम | ठेगाना | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | रामपुर | ३ | यस गाउँपालिकाका सबै वडाहरु |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान

गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन्। ति कार्यालयहरुको नामावली तथा कार्यक्षेत्र निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

### ५.६.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणतमक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ। पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरू मध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ।  सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

## ५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग,

आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका ताल तलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, तराई हाइउड, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिकाको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.९ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, नजिकको अन्तर्राष्ट्रिय सीमा हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१० सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

तालिका नं. ४६ : **सहकारी संस्थाको नामावली**

| क्र. सं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. | कालिमाटी, रामपुर |
| २ | बिष्णु कृषि सहकारी संस्था लि. | काप्रेचौर, घुइयाबारी |
| ३ | जनएकीकृत कृषि सहकारी संस्था लि. | लक्ष्मीपुर, पोखरा |
| ४ | महादेव बहुउद्देश्यीय कृषि स.सं.लि. | रामपुर |
| ५ | गंगामाला कृषि सहकारी संस्था लि. | कालिमाटी काल्चे |
| ६ | दाउन्नेदेवी कृषि सहकारी संस्था लि. | कालिमाटी काल्चे |
| ७ | सामुदायिक बहुउद्देश्यीय सहकारी संस्था लि. | कालिमाटी रामपुर |
| ८ | धागेछहरा मैरीपालन सहकारी संस्था लि. | कालिमाटी रामपुर |

स्रोत:जिल्ला कृषि विकास कार्यालय

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, चिया, दुग्ध, विद्युत, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था १, बहुउद्देश्यीय १, कृषि ५, र अन्य १ गरी जम्मा ८ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् ।

तालिका नं. ४७ : **सहकारी संस्थाको विवरण**

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १ |
| २ | बहुउद्देश्यीय | १ |
| ३ | उपभोक्ता | ० |
| ४ | कृषि | ५ |
| ५ | अन्य | १ |
| | जम्मा | ८ |

स्रोत: जिल्ला विकास समिति, सल्यान

## ५.१२ संघ संस्था तथा विभिन्न समुहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम,

नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसैगरी गैरसरकारी संस्थाहरुमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह तथा गाउँपालिका जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन् ।

तालिका नं. ४८ : **गैर सरकारी संघ संस्थाहरुको विवरण**

| क.सं. | संस्थाको नाम | उपलब्ध गराएको सेवा |
|---|---|---|
| १ | पार्ड नेपाल | कृषि क्षेत्र |
| २ | रेडक्रस सोसाईटी | शिक्षा क्षेत्र |
| ३ | ग्रामिण पुन: निर्माण नेपाल | |
| ४ | खानेपानी महासंघ | पूर्ण सरसफाई |

स्रोत : गाउँ कार्यापालिकाको कार्यालय, २०७४


## ५.१३ सामुदायिक भवनहरुको विवरण

तालिका नं. ४९ : **सामुदायिक भवनहरुको विवरण**

| क.सं. | विवरण | वडा नं. | किसिम |
|---|---|---|---|
| १ | धनडी सा.व.उ.स.को भवन | ३ | कच्ची |
| २ | रिठाचौर सा.व. | २ | कच्ची |
| ३ | कछुवा दह सा.व.उ.स | ३ | टहरा |
| ४ | सारदा नागरिक सचेतना केन्द्र | २ | पक्की |
| ५ | गरि हरियाली सा.व.उ.स.को भवन | | पक्की |
| ६ | देउराली व.उ.कृषि उत्पादन कृषक समुह | | पक्की |

स्रोत : गाउँ कार्यापालिकाको कार्यालय, २०७४

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार



## ६.१ सडक सम्बन्धी विवरण

सल्यान जिल्लाको समग्र विकास कृयाकलापहरु सञ्चालन गर्न यातायत एक महत्वपूर्ण पूर्वाधार हो । सडक यातायात नै यस जिल्लाको मुख्य यातायातको साधनहरु हुन् । यस जिल्लाका सबै गाउँपालिकाहरुमा मौसमी सडक यातायातको सुविधा रहेको छ । यो जिल्लामा यातातका प्रमुख साधनहरुमा हवाई यातायात, सडक यातायात, घोडेटो, गोरेटो आदि रहेका छन् । प्रमुख सडकहरुमा पक्की पुलहरु तथा कल्भर्ट आदिको व्यवस्था गरिएको छ भने घोडेटो तथा गोरेटो बाटोहरुमा भोलुगें पुलको व्यवस्था भएको पाइन्छ । यद्यपी यी सबै साधनहरु पर्याप्त नरहेको अवस्था विद्यमान छ । सडक यातायातको विकासको दृष्टिकोणले यो गाउँपालिका निकै पछाडि रहेको छ । यस गाउँपालिकामा लुहाम काभ्रा - रामपुर सडक : लुहामदेखि रामपुरसम्म ३२ कि.मी. लामो सडकको इष्टिमेट भएपछि हाल २६ कि.मी. मात्र निर्माण सम्पन्न भई रामपुर बजारसम्म वर्षा मौसममा बाहेक अन्य समयमा मोटर बाईक, जीप, ट्याक्टर चल्ने गरेका छन् । दाङ पुरन्धारा - कालीमाटी रामपुर सडक : दाङको पुरन्धारादेखि सल्यानको कालीमाटीसम्म नियमित रुपमा जीप, ट्र्याक्टर तथा बसहरु सञ्चालनमा आउने गरेका छन् । सुर्खेत जिल्लाको छिन्चुदेखि सल्यान जिल्लाको कालिमाटी बजारसम्म बस, ट्रकहरु प्राय बर्षै भरी सञ्चालनमा आउने गरेका छन् भने कालिमाटी बजारदेखि कैनकाँडा हुँदै चौरजहारीसम्म बस तथा ट्रकहरु सुख्खा सिजनमा सञ्चालनमा आएका छन् ।

### ६.१.१ बिद्यमान सडक सञ्जाल

तालिका नं. ५० : **बिद्यमान सडक सञ्जाल**

| सि.नं. | सडकको नाम | कुल कि.मि. | कालोपत्रे | ग्राभेल | कच्ची | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खरिबोट टाट्के बाँफुखोला | २१ | | | २१ | |
| २ | खलंगा लक्ष्मीपुर | १६ | | | १६ | |
| ३ | तुलसीपुर-रामपुर-बोटेचौर | २० | | | २० | |
| ४ | काभ्रा-रामपुर | | | | | कृषि सडक |
| ५ | खलंगा-रामपुर-काल्चे-काभ्रेचौर | | | | | ट्रायक खोलिएको |

श्रोत: जिल्ला विकास समिति, सल्यान२०७१

### ६.१.२ यातायात सेवा

७ नं प्रदेशमा रहको सल्यान जिल्लामा पर्ने कालिमाटी गाउँपालिका सडक सञ्जालका हिसाबमा निकै पछाडि परेको देखिन्छ । यस गाउँपालिकामा विभिन्न किसिमका कच्ची तथा कृषि सडकहरु निर्माण भएको भए पनि सबै नियमित रुपमा सञ्चालन नहुने अवस्थामा रहेका छन् । यस गाउँपालिकाबाट जिल्लाको सदरमुकाम सम्म दैनिक २ वटा जिप सञ्चालनमा रहेको पाइन्छ तर कच्ची सडकका कारण वर्षाको मौसमका यो सेवा पनि नियमित हुन नसक्ने देखिन्छ । त्यस्तै यस गाउँपालिकाबाट तुलसीपुर दैनिक २ वटा सार्वजानिक बस सेवा

सञ्चालनमा रहेको छ। यस बाहेक यस जिल्लाको सबैभन्दा धेरै क्षेत्रफल भएको स्थानिय निकायमा यातायात सेवा नरहेको पाइन्छ। यसका अलवा व्यक्तिगत मोटर साईकल र गाडिहरु सञ्चालन हुने देखिन्छ।

समग्र गाउँपालिकाको विकास लागि सडक अत्यन्त आवश्यक पर्छ सडकको भएमा मात्र अन्य विकास हुन सक्छ त्यसैले कलिमाटी गाउँपालिकामा सडकको निर्माणको कार्यमा सुधार ल्याउनको लागी स्थानिय निकायले समयमा नै ध्यान दिन आवश्यक रहेको छ। पूर्वाधार विकासको पहिलो आधारको रुपमा रहेको सडक क्षेत्रको विकास बाट नै अन्य क्षेत्रमा विकास सम्भव रहेको हुनाले यस क्षेत्रमा स्थानिय निकायले जोड गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकाका वडा कार्यालयहरुबाट गाउँ कार्यपालिकाको कार्यलय पुग्न लाग्ने समय सम्बन्धि विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | विवरण | लाग्ने समय | सडक सञ्जाल |
|---|---|---|---|
| १ | वडा नं ६ र ७ बाट | १ दिन | छैन |
| २ | वडा नं १ बाट | ५ घण्टा | छैन |
| ३ | वडा नं ४ र ५ | ४ घण्टा | मौसमी सडक |

स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४

### ६.१.३ झोलुङ्गे पुलको विवरण

तालिका नं. ५१ : **गाउँपालिकामा झोलुङ्गे पुलको विवरण**

| क्र.सं. | विवरण | वडा नं. |
|---|---|---|
| १ | सेती खोला झोलुङ्गे पुल | २ |
| २ | शारदा खोलामा झोलुङ्गे पुल | २ र ३ |
| ३ | माघे र दलपुरे जोड्ने पुल | ३ |
| ४ | महिनेघाट मुसखोला | १ र ३ |
| ५ | टाट्के शारदा खोलामा | १ |
| ६ | खैरेनि-ठाकुरसम्म | ४ |
| ७ | पिपिले -सुनचौर | ४ |

स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ तर कालिमाटी गाउँपालिकामा यस्ता सेवा सुविधाहरुको अभाव रहेको पाइन्छ। संचार सेवामा यो गाउँपालिका समग्रमा पछाडि रहेको छ। गाउँपालिकामा ४ वटा अतिरिक्त हुलाक कार्यलय र नेपाल टेलिकमको मोवाइल फोन सेवा बाहेक अन्य सेवाको कमि रहेको पाइन्छ। संचार सेवामा अहिलेको स्थानिय निकायले धेरै पहल गर्नु पर्ने देखिन्छ।

### ६.२.१ गाउँपालिकामा रहेका एफ.एम. रेडियोहरु

यस गाउँपालिकामा स्थानीय एफ्.एम्. रेडियोहरु नरहेको पाइन्छ। यहाँका स्थानिय बासिन्दाहरुले छिमेकी जिल्लाहरुबाट प्रसारण हुने एफ.एम. रेडियोहरुबाट सुविधा लिने गरेको पाइन्छ।

### ६.२.२ टेलिफोन/मोबाइल

टेलिफोन सेवा सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका वडा नं १, २, ३ र ६ नेपाल टेलिकमको मोबाइल सेवा उपलब्ध रहेको छ भने वडा नं ४ र ५ मा स्काई फोन सेवा उपलब्ध रहेको पाइन्छ। मोबाइल फोन सेवा पनि मौसम राम्रो भएको अवस्थामा मात्र उपलब्ध हुने देखिन्छ। गाउँपालिकाका प्रमुख स्थानमा यो सेवा उपलब्ध भएको भएपनि कुनाकाप्चा नेट्रोक नहुने अवस्था रहेको छ। विद्युत सेवा उपलब्ध नरहेको कारणले गर्दा मोबाइल/टेलिफोन सेवामा कठिनाई रहेको पाइन्छ।

### ६.२.३ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँका विभिन्न वडाहरुमा कार्यरत छन्। यस गाउँपालिकामा ४ अतिरिक्त हुलाक कार्यालयहरुबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्

## ६.३ विद्युत

### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


यस गाउँपालिकामा विद्युत सेवा उपलब्ध नरहेको पाइन्छ। सम्पूर्ण आधरभुत सेवालाई सहज बनाउनको लागी अति आवश्यक पर्ने विद्युत सेवाको लागी अहिलेको स्थानिय निकायले पहल गर्नु पर्ने देखिन्छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजा अनुसार कालिमाटी गाउँपालिकामा दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा सोलार प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न सोलार प्रयोग गर्नेको घरधुरी संख्या १४१५ जना (३२.५८ प्रतिशत) रहेको छ। त्यस्तै गाउँका कुल घरधुरीको ६९३ जना(१५.९६ प्रतिशत) ले मट्टितेल,११ जना (०.२५ प्रतिशत) ले बिजुली र २१६३ जना (४९.८० प्रतिशत) घरधुरीले अन्य इन्धन प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरुपमा सबैभन्दा बढी सोलारको प्रयोग गर्ने वडा नं. १ रहेको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ५२ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | १०३ | १ | ३४७ | ३३४ | ३ | **७९१** |
| २ | १ | ६२ | ० | १८९ | ३६० | ७ | **६१९** |
| ३ | १ | ९७ | ० | ३२९ | २७१ | ७ | **७०५** |
| ४ | ४ | १५२ | १ | १५० | ३०७ | ११ | **६२५** |
| ५ | ० | १६५ | २ | २०६ | १६९ | २१ | **५६३** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ० | २० | ० | ८६ | ३६१ | २ | ४६९ |
| ७ | २ | ९४ | ० | १०८ | ३६१ | ६ | ५७१ |
| जम्मा | ११ | ६९३ | ४ | १,४१५ | २,१६३ | ५७ | ४,३४३ |
| प्रतिशत | ०.२५ | १५.९६ | ०.०९ | ३२.५८ | ४९.८० | १.३१ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना वि.सं. २०६८




## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ५३ : **खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण**


| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| काठ/दाउरा | ७८६ | ६०७ | ६८७ | ६०३ | ५४० | ४६४ | ५६४ | ४,२५१ | ९७.८८ |
| मटीतेल | ० | ० | १ | ३ | २ | ० | ० | ६ | ०.१४ |
| एल.पी. ग्याँस | ० | ० | ५ | ० | ० | ० | १ | ६ | ०.१४ |
| कुइठा/ठोरहा | ० | ० | ५ | २ | ० | ० | ० | ७ | ०.१६ |
| गोबरग्यास | २ | ४ | ० | ६ | ० | ० | ० | १२ | ०.२८ |
| बिजुली | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.०२ |
| अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| उल्लेख नगरिएको | ३ | ७ | ७ | ११ | २१ | ५ | ६ | ६० | १.३८ |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

विसं २०६८ को जनगणनाअनुसार कालिमाटी गाउँपालिकाका परिवारले खाना पकाउन प्रयोग गर्ने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ४,२५१(९७.८८ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा मट्टीतेलप्रयोग गर्ने घरधुरी संख्या ६(०.१४ प्रतिशत), एल.पी. ग्यास प्रयोग गर्ने घरधुरी संख्या ६ (०.१४

प्रतिशत), रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी काठ तथा दाउरा प्रयोग गर्ने वडा नं. १ मा ७८६ घरधुरी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ । पहाडको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्युन हुने हुँदा यसको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ कालिमाटी गाउँपालिकाको शैक्षिक स्थितीलाई देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको  सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त नितीगत माध्यमको रुपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार गाउँपालिकामा प्राथमिक विद्यालयमा सामुदायीक ३७ वटा र निजी २ वटा छन् भने निम्नमाध्यामीक विद्यालयमा सामुदायीक ८ वटा र निजी कुनै पनि छैनन् । माध्यमिक विद्यालयमा सामुदायिक ६ वटा र संस्थागत कुनै पनि छैनन् भने उच्च माध्यमिक विद्यालय १ वटा रहेको छ । गाउँपालिकामा उच्च शिक्षा तथा प्राविधिक शिक्षाको व्यवस्थाको लागि नयाँ नयाँ योजनाहरु ल्याउनुपर्ने देखिन्छ ।

## ७.२ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा कालिमाटी गाउँपालिकामा यस सल्यान जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६५.०१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७४.९० प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५५.४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.२६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।


तालिका नं. ५४ : **साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्न | | पढ्न र लेख्न सक्न | | पढ्न र लेख्न सक्ने | | उल्लेख नगरिएका | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १२३५ | ९७० | १०५ | १०३ | ४३३ | ८४१ | ० | ३ | १,७७३ | १,९१७ | ३,६९० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | १०८६ | ८७६ | २७ | २९ | २५४ | ५६८ | १ | ९ | १,३६८ | १,४८२ | २,८५० |
| ३ | ११४४ | ९७२ | २३ | ३७ | २३२ | ६०० | ० | ० | १,३९९ | १,६०९ | ३,००८ |
| ४ | १०५६ | ८३० | ४८ | ३५ | २९८ | ६०२ | ० | ० | १,४०२ | १,४६७ | २,८६९ |
| ५ | ८८० | ७०५ | ११२ | ९५ | २७९ | ५६४ | ० | ० | १,२७१ | १,३६४ | २,६३५ |
| ६ | ७७९ | ५८० | २२ | २३ | २१७ | ४१० | ० | १ | १,०१८ | १,०१४ | २,०३२ |
| ७ | ९६७ | ६७१ | ३७ | ३८ | ३०७ | ५०९ | ० | ० | १,३११ | १,२१८ | २,५२९ |
| **जम्मा** | **७,१४७** | **५,६०४** | **३७४** | **३६०** | **२,०२०** | **४,०९४** | **१** | **१३** | **९,५४२** | **१०,०७१** | **१९,६१३** |
| **प्रतिशत** | ७४.९० | ५५.६४ | ३.९२ | ३.५७ | २१.१७ | ४०.६५ | ०.०१ | ०.१३ | १००.०० | १००.०० | |

स्रोत राष्ट्रिय जनगणना वि.सं. २०६८

कालिमाटी गाउँपालिकाको साक्षरता स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ३ मा ७०.३५ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८१.७७ प्रतिशत र महिला साक्षरता दर ६०.४१ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. १ मा रहको छ। जसमा कुल साक्षरता दर ५९.७६ प्रतिशत) रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ६९.६६ प्रतिशत र महिला साक्षरता दर ५०.६० प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस कालिमाटी गाउँपालिका शैक्षिक हिसाबमा देशको अग्र स्थानमा नै रहेको देखिन्छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ५५ : **शैक्षिक जनशक्तिको विवरण**

| स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४७५ | ४०९८ | १५६० | ६०४ | ४४४ | २१० | ४६ | १० | ५ | १५३ | २५ | ७,६३० |
| महिला | ४४० | ३३१२ | १३०६ | ३९१ | २२० | ११६ | ११ | २ | ७ | २३६ | १५ | ६,०५६ |
| जम्मा | ९१५ | ७,४१० | २,८६६ | ९९५ | ६६४ | ३२६ | ५७ | १२ | १२ | ३८९ | ४० | १३,६८६ |
| प्रतिशत | ६.६९ | ५४.१४ | २०.९४ | ७.२७ | ४.८५ | २.३८ | ०.४२ | ०.०९ | ०.०९ | २.८४ | ०.२९ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना वि.सं. २०६८

यस तालिकामा कालिमाटी गाउँपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा ९१५ जना (६.६९ प्रतिशत) स्कुल नगएका, ७,४१० (५४.१४ प्रतिशत) प्राथमिक तह २,८६६ ( २०.९४ प्रतिशत), नि.मा.वि. तह, ९९५ (७.२७प्रतिशत) मा.वि. तह, ९९५ जना (७.२७ प्रतिशत) एस.एल.सी. तह, ६६४ जना ( ४.८५ प्रतिशत), प्रमाणपत्र तह, ३२६ (२.३८ प्रतिशत) स्नातक तह, ५७ ( ०.४२ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ५६ : **विषयगत शैक्षिक जनशक्तिको विवरण**

| वडा नं. | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषी, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ० | २० | ० | ३ | ० | ५ | ३ | ० | १३ | **५४** |
| २ | १३ | ३ | ४३ | ० | ० | ० | ० | १ | १ | ४ | **६५** |
| ३ | ३६ | ७ | २२ | ४ | ११ | ० | १७ | ९ | ३ | १६ | **१२५** |
| ४ | ५ | १ | ३२ | ० | ० | १ | ० | ० | ० | २८ | **६७** |
| ५ | १ | ५ | २० | १ | ० | ० | ० | ० | ० | ३ | **३०** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १ | ० | २६ | ० | ० | ० | ० | ० | ० | ० | २७ |
| ७ | ३ | ३ | ५ | ० | २ | ० | ० | ० | १ | १३ | २७ |
| जम्मा | ६९ | १९ | १६८ | ५ | १६ | १ | २२ | १३ | ५ | ७७ | ३९५ |
| प्रतिशत | १७.४७ | ४.८१ | ४२.५३ | १.२७ | ४.०५ | ०.२५ | ५.५७ | ३.२९ | १.२७ | १९.४९ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी शिक्षाविषय लिएर पढ्नेको जनसंख्या १६८ (४२.५३ प्रतिशत), दोश्रोमा मानविकी र कला विषय लिएर पढ्नेको संख्या ६९ (१७.४७ प्रतिशत) रहेको छ भने तेस्रो स्थानमासामाजिक र व्यवहारीक विज्ञान लिएर पढ्नेको संख्या २२ (५.५७ प्रतिशत) रहेको छ त्यसैगरि व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या १९ (४.८१ प्रतिशत) रहेको देखिन्छ र गणीत र तथयांक विषय लिएर पढ्नेको संख्या १३ (३.२९प्रतिशत) छ । । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५७ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. .नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | १,९३१ | १,९०५ | ३,८३६ | १,८८६ | १,८७५ | ३,७६१ | ९८.०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मा.वि. जाने उमेर समूह ( कक्षा ९-१०) | १३-१४ वर्ष | १३ | १४ | २७ | १२ | ११ | २३ | ८५.१९ |
| उच्च मा.वि. ९ज्ज्नजभच क्भअयलमबचथ क्अजययाँ० जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ३ | २ | ५ | ३ | २ | ५ | १००.०० |
| | जम्मा | १,९४७ | १,९२१ | ३,८६८ | १,९०१ | १,८८८ | ३,७८९ | |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ । ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ३७६१ जना(९८.०४प्रतिशत) स्कुल गएको देखिन्छ भने १.९६ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको २३ जना (८५.१९प्रतिशत)स्कुल गएको देखिन्छ भन (१४.८१प्रतिशत)स्कुल गएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, लागू भए पछि स्थानीय सरकारको रूपमा गाउँपालिकाको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँपालिकामा पठनपाठनका लागि प्रा.वि. सङ्ख्या ३९, नि.मा.वि. ८, मा.वि. ५, उ.मा.वि. १ गरी जम्मा ५३ वटा शिक्षण संस्थाहरु रहेका छन् । यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५८ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. तह संचालन (१-५) | ३७ | २ | ३९ |
| नि.मा.वि. तह संचालन (१-८) | ८ | ० | ८ |
| मा.वि. तह संचालन (१-१०) | ५ | ० | ५ |

| | | | |
|---|---|---|---|
| उ.मा.वि. तह संचालन (१-१२) | १ | ० | ५ |
| जम्मा | ५१ | २ | ५३ |

स्रोत: जिल्ला शिक्षा कार्यालय

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्याथीहरु प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** :प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** :विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** :गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु** :नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैषिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु** :बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु** :दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु** :विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको

पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी** : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु** :सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.३ स्वास्थ्य

पहाडी भागमा अवस्थित यस गाउँपालिका स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार खासै अनुकुल देखिदैन। राजनितिक रुपमा ७ वडाहरुमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। गाउँपालिकामा कुनै पनि अस्पताल नभएकोले कुनै विशेष रोग लागेमा अथवा घाइते भएमा उपचारको लागि सदरमुकाम नै जानुपर्ने अवस्था छ । त्यहिपनि साधारण उपचारको लागी गाउँपालिकामा केहि मात्रामा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य/ उप स्वास्थ्य चौकीहरु सञ्चालनमा छन् । गाउँघरमा धेरै मात्रामा क्लिनिकहरु पनि सञ्चालनमा आएका छन् ।

तालिका नं. ५९ : **गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण**

| अस्पताल ( सरकारी र निजी) | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | गाउँ स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी | गाउँघर क्लिनिक | खोप क्लिनिक | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|---|---|
| ० | ० | ४ | ० | ० | १३ | ० | ३६ |

स्रोत: जिल्ला स्वास्थ्य कार्यालय २०७१, सल्यान, धनगढी

### ७.३.१ जिल्लामा संचालित स्वास्थ्य संस्थानहरु

- ✓ अस्पताल- १५ शैया
- ✓ प्राथमकि स्वास्थ्य केन्द्र- २ शैया
- ✓ स्वास्थ्य चौकी-४५
- ✓ गाउँघर क्लिनिक- १६५
- ✓ खोप क्लिनिक-२२७
- ✓ डट्स उपचार केन्द्र-४७
- ✓ महिला स्वास्थ्य स्वयं सेविका-४२३
- ✓ आयुर्वेद औषधालय-३

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । जील्लाको अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.२ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि यस जिल्लामा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानरहेको थियो । आ.व. २०४९५० बाट तराईको १००० जनसंख्यामा १ जना, पहाडको ३०० जना जनसंख्यामा १ जना र हिमालमा २५० जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। तर सल्यान जिल्लामा वि.स. २०४५ साल देखि साबिकका प्रत्येक गा.बि.स. का वडाहरुमा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था अनुसार सल्यान जिल्लामा ४२३ जना कार्यरत रहेका छन् । जस अनुसार यस गाउँपालिकामा अहिले करिब ३६ जना महिला स्वयंसेविका रहेका छन् ।

### ७.३.३ सुँडेनी

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको निती रहेको छ । परम्परागत रुपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले MCHWबाट

सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन।

## ७.३.४ परिवार नियोजन

बच्चा जन्माउँदा हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धान बाट परिवार नियोजनले आमा, बच्चा र नवशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्धारा सेवा पुर्‍याउँदै आएको छ । परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरु तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६० : **परिवार नियोजनको अस्थायी विधि**

| साविकका गा.वि.स. | अस्थायी विधि (प्रजनन उमेरका विवाहित महिला) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ प्रयोगकर्ता प्रतिशत | | | | | | हालका प्रयोगकर्ता प्रतिशत | | | | | |
| | कन्डम | पिल्स | डिपो | आईयुसिडी | इम्प्लान्ट | जम्मा | कन्डम | पिल्स | डिपो | आईयुसिडी | इम्प्लान्ट | जम्मा |
| काभ्रेचौर | ३.१४ | ०.४८ | २.१७ | ० | ० | ५.८ | ३.१४ | ०.४ | १०.१४ | ० | २.४१ | १६.१ |
| कालीमाटी काल्चे | ४.६५ | १.२३ | ३.४९ | ० | ०.७५ | १०.१२ | ४.६५ | २.४ | २.०५ | ० | ६.५१ | १५.६ |
| कालीमाटी रामपुर | ५.४३ | १.१ | ३.१२ | ० | १.९६ | ११.६१ | ५.४३ | २.२ | ६.९८ | २.५१ | ४.२८ | २१.४ |
| लक्ष्मीपुर | ५.१८ | ०.७ | ४.५७ | ० | २.१८ | १२.६३ | ५.१८ | ०.९९ | ८.६४ | १.७९ | ५.८६ | २२.४६ |

## ७.३.४ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू HP र SHP को तहमा मात्र उपलब्ध गराइन्छ। यस गाउँपालिकामा काभ्रेचौरमा ३, कालिमाटी काल्चेमा ३, कालिमाटी रामपुरमा पनि ३ र लक्ष्मीपुरमा ४ गरी जम्मा १३ वट क्लिनीक सञ्चालन भइरहेका छन् र तालीकामा क्लिनीकले दिएको औषत सेवा पनि उल्लेख गरिएको छ ।

तालिका नं. ६१ :**गाउँपालिकामा सञ्चालन हुने संस्था वाइज गाउँघर क्लिनिक संख्या**

| क्र.शं. | संस्थाको नाम | जम्मा क्लिनीक संख्या | पर क्लिनीक दिइएको औषत सेवा |
|---|---|---|---|
| १ | काभ्रेचौर | ३ | ७४ |
| २ | कालिमाटी काल्चे | ३ | २४ |
| ३ | कालिमाटी रामपुर | ३ | ४० |
| ४ | लक्ष्मीपुर | ४ | १३ |
| | **जम्मा** | **१३** | |

त्यस्तै गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.५ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार सल्यान जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन्। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे

मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

तालिका नं. ६२ : **सुरक्षित मातृत्वको विवरण**

| सि.नं. | साबिकका गा.वि.स.हरु | कम्तीमा १ पटक ANC चेकअप गरेको गर्भवती महिलाको प्रतिशत | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको प्रतिशत | १८० आईरन चक्की प्राप्त गर्ने महिलाको प्रतिशत | Vitamin E प्राप्त गर्ने गर्भवती महिलाको प्रतिशत | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | दक्ष सुंडेनीको प्रतिशत | स्वास्थ्य स्वयंसेविका बाट |
|---|---|---|---|---|---|---|---|---|
| १ | काप्रेचौर | ६९.८५ | २३.५३ | ३८.२४ | ८५.२९ | ३८.२४ | ३८.२४ | ० |
| २ | कालिमाटी काल्चे | १९.७४ | २३.६८ | ९.२१ | २९.६१ | १५.१३ | १३.१६ | १.९७ |
| ३ | कालिमाटी रामपुर | १०३.५९ | ५६.८९ | ४९.७ | ९८.८ | ३७.१३ | ३७.१३ | ० |
| ४ | लक्ष्मीपुर | ३२.६५ | १०.२ | १२.२४ | ३३.६७ | २५.५१ | २५.५१ | ० |

श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३

## ७.३.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। २०७३ सालमा गाउँपालिकाभरि भएको विभिन्न रोग विरुद्ध खोप अभियानको प्रगति विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६३ :**दादुरा रुबेला रोग बिरुद्ध खोप अभियानको प्रगती विवरण**

| क्र.शं. | संस्थाको नाम | लक्षित जनसंख्या | दादुरा रुबेला खोप लगाएका बालबालीका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिना देखि ५ वर्ष सम्म | ९ महिना देखि २ वर्ष सम्म | २ वर्ष देखि ५ वर्ष सम्म | जम्मा | |
| १ | काप्रेचौर | ६९० | १६२ | ३६५ | **५२७** | **८६** |
| २ | कालीमाटी काल्चे | ६५२ | १५१ | ४४७ | **५९८** | **९२** |
| ३ | कालमाटी रामपुर | ५९३ | २०९ | ५१७ | **७२६** | **१२२** |
| ४ | लक्ष्मीपुर | ३६७ | ९३ | २३० | **३२३** | **८८** |
| | **जम्मा** | **२३०२** | **६१५** | **१५५९** | **२१७४** | |

श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३

तालिका नं. ६४ : **रइन्सेफलार्इटिस रोग विरुद्ध खोप अभियानको प्रगती विवरण**

| त्र.शं. | संस्थाको नाम | लक्षित जनसंख्या | जापानीज रइन्सेफलार्इटिस खोप लगाएका बालबालीका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिना देखि ५ वर्ष सम्म | ९ महिना देखि २ वर्ष सम्म | २ वर्ष देखि ५ वर्ष सम्म | जम्मा | |
| १ | काभ्रेचौर | १९५९ | ३६४ | १६४८ | २०१२ | १०३ |
| २ | कालीमाटी काल्चे | २४१३ | ५४९ | १६९९ | २२४८ | ९३ |
| ३ | कालमाटी रामपुर | २५१० | ६०४ | २१०३ | २७०७ | १०८ |
| ४ | लक्ष्मीपुर | १५८१ | २८० | ८५७ | ११३७ | ७२ |
| | जम्मा | ८,४६३ | १,७९७ | ६,३०७ | ८,१०४ | |

श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३

तालिका नं. ६५ : **१ वर्ष मुनिका खोप लगाइएको बालबालिकाको विवरण**

| साबिका गा.वि.स.हरुको नाम | प्राप्त प्रतिवेदन | बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव | | | पोलियो | | | पि.सि.भि | | | IPV (पोलियो) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | |
| काभ्रेचौर | १२ | ५३.६५ | ६६.१५ | ५४.६९ | ६५.१ | ४८.९६ | ३८.०२ | ५०.५२ | ५४.१७ | ३९.०६ | ५० | ६६.६७ |
| कालीमाटी काल्चे | १२ | ५० | ५४.४९ | ६६.६७ | ६३.४६ | ३१.४१ | ४५.५१ | ३८.४६ | ५४.४९ | ६६.६७ | ५० | ६३.४६ |
| कालीमाटी रामपुर | १२ | ११०.२७ | १०८.२२ | १०२.७४ | ११३.७ | ६९.८६ | ६५.७५ | ६६.४४ | १०८.२२ | ९३.८४ | ३९.०४ | ११३.७ |
| लक्ष्मीपुर | १२ | ११७.०२ | ६१.७ | ७१.२८ | ५१.०६ | ५२.१३ | ५५.३२ | ५४.२६ | ५१.०६ | ५५.३२ | ३१.९१ | ५१.०६ |

श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३

### ७.३.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा

आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.९ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सुन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.१० बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। धनकुटा गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँपालिका स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। हाल स्थायी स्वायत्त शासन ऐन २०५५ लागु भए पछि जिल्ला विकास समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका

एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

तालिका नं. ६६ : **खेलकुद तथा मनोरञ्जन स्थानको विवरण**

| क्र.स. | विवरण | वडा नं |
|---|---|---|
| १ | | |

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस कालिमाटी गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका १.३९ प्रतिशत (१८९ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.५७ प्रतिशत (४७८ जना), ६५-६९ वर्षका १.९१ प्रतिशत (३५५ जना) र ७० भन्दा माथी जम्मा २.६८ प्रतिशत (४९९ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा

उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

कालिमाटी गाउपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

### ७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समतिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरुपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारमा रहेको छन्। उक्त बालबालिकाको

अवस्थामा हेर्ने हो भने बालबालिकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रुपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ वटा गाविसहरूमा १६६१ वटा गाउ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७गाउँपालिकाहरूमा २७वटागाउँ बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी गाउँपालिकाका ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ। जसलाई वडास्तरमा विस्तार गर्नु पर्ने देखिन्छ।

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.७ अपाङ्गगताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार कालिमाटी गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.६१ प्रतिशत (६०१ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका २५३ (४२.१० प्रतिशत), श्रवण, सम्बन्धी अपाङ्गता भएका ९५(१५.८१ प्रतिशत), दृष्टी सम्बन्धी समस्या भएका ८४ जना (१३.९८ प्रतिशत) देखिन्छन् भनेश्रवण र दृष्टि सम्बन्धी अपाङ्गता भएका १० जना (१.६६ प्रतिशत) र बौद्धिक

अपाङ्गता भएका ११ जना (१.८३ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता २५ जना (४.१६ प्रतिशत) र बहु अपांगता भएका ६५ (१०.८२ प्रतिशत) रहेका तलको तथ्यबाट प्रष्ट हुन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्नत्राकोमा रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीयताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं. ६७ : **अपाङ्गताको विवरण**

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५४ | ४५ | ५१ | ८ | ३२ | १२ | ६ | ३१ | ३३९ |
| महिला | ९९ | ३९ | ४४ | २ | २६ | १३ | ५ | ३४ | २६२ |
| जम्मा | २५३ | ८४ | ९५ | १० | ५८ | २५ | ११ | ६५ | ६०१ |
| प्रतिशत | ४२.१० | १३.९८ | १५.८१ | १.६६ | ९.६५ | ४.१६ | १.८३ | १०.८२ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणना २०६८




## ७.८ खानेपानी तथा सरसफाई


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६८ : **परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत**

| श्रोत | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| घरधुरी | २१०४ | १ | ३० | ५६७ | ८३७ | ७४१ | ६ | ५७ | **४,३४३** |
| प्रतिशत | ४८.४५ | ०.०२ | ०.६९ | १३.०६ | १९.२७ | १७.०६ | ०.१४ | १.३१ | **१००.००** |

स्रोत: राष्ट्रिय जनगणना २०६८

कालिमाटी गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइपरहेको छ । गाउँपालिकामा धारा तथा पाइपको प्रयोग गर्ने घरधुरी संख्या २,१०४ (४८.४५ प्रतिशत), दोश्रोमा मुल धाराको प्रयोग गर्ने घरधुरी ८३७ (१९.२७ प्रतिशत) खुला इनार/कुवा प्रयोग गर्ने घरधुरी संख्या ५३७ (१३.०६ प्रतिशत), रहेको पाइन्छ । गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.८.२ खानेपानीको विवरण

तालिका नं. ६९ : **खानेपानीको विवरण**

| वडा नं. | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३९९ | ० | १ | ६७ | ३०६ | १७ | ० | १ | ७९१ |
| २ | २७१ | ० | ५ | ९७ | ७५ | १६४ | ० | ७ | ६१९ |
| ३ | ५१२ | ० | ० | ३९ | १२४ | २३ | ० | ७ | ७०५ |
| ४ | ३६५ | ० | १ | १६ | १०३ | १२९ | ० | ११ | ६२५ |
| ५ | १४३ | १ | ११ | १२३ | ३३ | २२८ | ४ | २० | ५६३ |
| ६ | ७२ | ० | ११ | २२२ | ६० | ९९ | ० | ५ | ४६९ |
| ७ | ३४२ | ० | १ | ३ | १३६ | ८१ | २ | ६ | ५७१ |
| जम्मा | २,१०४ | १ | ३० | ५६७ | ८३७ | ७४१ | ६ | ५७ | ४,३४३ |
| प्रतिशत | ४८.४५ | ०.०२ | ०.६९ | १३.०६ | १९.२७ | १७.०६ | ०.१४ | १.३१ | १००.०० |

श्रोत:राष्ट्रिय जनगणना २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रुपमा सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा मुलधाराको प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।वडा नं.१,३,७मा धारा तथा पाइप पछि मुल धाराको पानी प्रयोग गरेको तथ्य माथीको तालिकाबाट स्पष्ट हुन्छ।

## ७.८.३ शौचालयको विवरण

तालिका नं. ७० : **शौचालयको प्रकार**

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | २४ | ४६३ | ४१३ | ३३८४ | ५९ | ४,३४३ |
| प्रतिशत | ०.५५ | १०.६६ | ९.५१ | ७७.९२ | १.३६ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा कालिमाटी गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ । यस गाउँपालिकामा शौचालय प्रयोग गर्ने घरधुरीहरुमा सबैभन्दा बढी ४६३ (९.५१ प्रतिशत) घरधुरीले फ्लस भएको (सेप्टिक ट्याङ्की) भएकोशौचालय प्रयोग गरेको देखिन्छ । यसैगरी ४१३ (९.५१ प्रतिशत)घरधुरीले साधारण शौचालय प्रयोग गरेको पाइन्छ भने अझैपनि गाउँपालिकामा ३३८४ (७७.९२ प्रतिशत) घरधुरी शौचालय विहिन रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ७१ : **वडागत शौचालय संख्याको विवरण**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| फ्लस भएको (सार्वजनिक ढल) | ४ | ४ | ४ | ९ | ३ | ० | ० | २४ | ०.५५३ |
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | ४ | ७१ | २१३ | ११९ | ३३ | ० | २३ | ४६३ | १०.६६ |
| साधारण | २५२ | ३३ | ३७ | ५६ | ११ | १७ | ७ | ४१३ | ९.५१ |
| चर्पी नभएको | ५२८ | ५०४ | ४४५ | ४३० | ४९५ | ४४७ | ५३५ | ३,३८४ | ७७.९२ |
| उल्लेख नगरिएको | ३ | ७ | ६ | ११ | २१ | ५ | ६ | ५९ | १.३५९ |
| जम्मा | ७९१ | ६१९ | ७०५ | ६२५ | ५६३ | ४६९ | ५७१ | ४,३४३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं. ४मा फ्लस भएको  शौचालय प्रयोग गर्ने घरधुरी बढी रहेको देखिन्छ भने वडा नं. १ र ६ मा साधारण शौचालय प्रयोग गर्ने घरधुरी संख्या बढी रहेको पाइन्छ। त्यस्तैगरी वडा नं.१ र ६ मा फ्लस भएको  सेप्टीक ट्यांकी भएको शौचालयको प्रयोग गर्ने घरधुरीको संख्या बढी देखिन्छ । तर शौचालय प्रयोग गर्ने घरधुरी भन्दा सबै वडाहरुमा शोचालय प्रयोग नगर्ने घरधुरीको संख्या बढी रहेको देखिन्छ । कालिमाटी गाउँपालिकामा शौचालयको लागि पहल गर्नुपर्ने देखिन्छ ।जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.९ फोहोर मैला व्यवस्थापन

गाउँलाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा ७३ पटक अभियानको रुपमा संचालन भएको पाइन्छ । यसैगरी रेयुकाई महिला स्वास्थ्य सेवकसमेतको सहकार्यमा प्रत्येक शनिबार शहरका मुख्य सडकहरुमा नागरिक सफाई अभियान समेत प्रारम्भ गर्दै आएको छ । यसबाट आम गाउँबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

सल्यान जिल्ला वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। सल्यान जिल्लाको यस कालिमाटी गाउँपालिकामा कुल क्षेत्रफल ५००.७२ वर्ग कि.मि. मध्ये ३४.३६ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

कालिमाटी गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस

क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुँदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरुले भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गनग्वाली, हरहरे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई वन क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्या योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, थेजपात, बोझ्रो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँमा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

कालिमाटी गाउँपालिका रहेको सल्यान जिल्लामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

कालिमाटी गाउँपालिका रहेको सल्यान जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ रातो खोल भएको कछुवासहित ३ जातका कछुवा, अजिँगर, भित्ती, गनग्वाली, हरहरे, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) किरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उड्स, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

### (च) फूलका प्रजातिहरु

सल्यान जिल्लामा करिब २४४ किसिमको वनस्पतीहरु पाइनुका साथै २३५ प्रजातिहरु फुल फुल्ने वर्गमा रहेका छन् । यस्तै एकदलीय वर्गका विरुवाहरु लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरु करिव ७१ प्रतिशत रहेको अनुमान गरिउको छ भने जलोभिद लगभग ४४ प्रतिशत र स्थलीय करिव ५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ । सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन् ।

## ८.५ वनजंगल

कालीमाटी गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्र भित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।

उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, पहाड हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र भाडी बुट्यान रहेका छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ । यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति

गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । गाउँपालिकामा आ.व. २०७१/७२ सम्ममा २२ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा / GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने

देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

तालिका नं. ७२ : **सामुदायिक वन व्यवस्थापनको विवरण**

| जम्मा सा.व.को संख्या | महिला सा.व.को संख्या | हस्तान्तरित क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| २२ | १० | २६४५.३ | १७६७ | ९,६४४ |

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँले अग्रणी भूमिका खेलेको छ । कालिमाटी गाउँपालिकामा आ.व. २०७१/०७२ सम्ममा जम्मा २२ वटा सामुदायिक वनहरु उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा २,६४५.३ हे. क्षेत्रफल ओगटेको छ भने १,७६७ घरधुरी अर्थात् ९,६४४ जनसंख्या लाभान्वित भएका छन्।

### ८.५.२ धार्मिक वन

सल्यान जिल्लाको छाँयाक्षेत्र गाविसको वडा नं. १ अन्तर्गत पर्ने छत्रेश्वरी सती पीठ मन्दिर वरपर रहेको ४.४ हेक्टर वन जंगल क्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको छ । आ.व. २०६७/०६८–२०७२/०७३ सम्मको पाँच रणनीतिक योजना तयार गरि यस क्षेत्रको विकासका लागि कार्यक्रमहरु समेत तर्जुमा गरिएका छन्।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

सल्यान जिल्लामा निजी वन दर्ताको गति समान्य रुपमा अगाडि बढेको पाईन्छ । हालसम्म सल्यान जिल्लामा दर्ता भएका निजी वनको संख्या सेजवालटाकुरा, पिपलनेटा र शारदा नगरपालिकामा गरि जम्मा २७ वटा रहेका छन्।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल

जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

यस जिल्लामा राष्ट्रिय वनबाट वन पैदावारहरुको उत्पादान गरिएको छैन र धेरै जसो सामुदायिक वनहरुबाट स्थानीय जनताको माग आपुर्ति भइरहेको छ । तापनि केहि नीजि आवादीको काठहरु पनि नीजि वन धनीले बिक्रि गरेको हुँदा सो अनुसारको विवरण निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

### ८.७.१ वन व्यवस्थापन अनुसार सदुपयोग तथा अन्य विवरण

#### क) राष्ट्रिय वन

यस जिल्लामा राष्ट्रिय वनमा रहेका ढालापाढा तथा सुखद खडा रुखहरु संकलन गर्ने प्रावधान जिल्लाको पञ्च वर्षीय कार्ययोजनामा रहे तापनि उक्त कार्यको लागि वार्षिक कार्यक्रमबाट बजेट विनियोजित नरहेको हुनाले राष्ट्रिय वनबाट काठ संकलन नभएको ।

#### ख) सामुदायिक वन सम्बन्धि कार्यहरु

यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म दर्ता भएको जम्मा २२ वटा सामुदायिक वनहरुले आफ्नो समुह भित्रको आवश्यकता पूरा गर्न काठ संकलन कार्य गरेको तथा एकाध सामूदायिक वनले काठ संकलन गर्ने कार्य भएतापनि समूह बाहिर र जिल्ला बाहिर व्यवसायिक प्रयोजनको लागि काठको उत्पादन र बिक्री भएको ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.१० वन संरक्षणका कार्यहरु र चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा

गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

कालिमाटी गाउँपालिकामा वन संरक्षणका लागि धेरै कार्यहरु भइरहेको छ । संरक्षण थप मजबुत बनाउन अझै पनि धेरै कार्य गर्नुपर्ने देखिन्छ, गाउँपालिकामा अझै पनि वनफडानी, काठ तस्करी, वन्यजन्तु तस्करी भइरहेको छ । वनफडानी रोक्न, वन्यजन्तु तस्करी रोक्न, काठ तथा जडिबुटिको संरक्षणका लागि सरकारले विशेष कदम चाल्नुपर्ने देखिन्छ । यस्तै वन संरक्षणका लागि खटिएका कर्मचारीले गोप्य सूचना र जानकारीको आधारमा गरिएको कारबाही स्वरुप दायर भएका मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ७४ : मुद्दा दायरी विवरण

| सि.नं. | मुद्दा दायरी विवरण | मुद्दाको विषय | प्रतिवादी | बरामद भएको वन पैदावार | मुद्दा दायर भएको निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०७२/१०/२५ | विना ईजाजत राष्ट्रिय वनमा रुख काटी हानी नोक्सानी गरेको | सल्यान जिल्ला लक्ष्मपुर गा.वि.स. ८ बस्ने कमल राउत समेत | चिरान थान ७१ को ८७.६५ क्यु.फिट. गोलिया १२२.७१ क्यु. फिट | सल्यान जिल्ला अदालत, खलंगा सल्यान । | |

श्रोत: जिल्ला वन कार्यालय, सल्यान

## ८.११ अतिक्रमण हटाई व्यवस्थापन

अहिलेको वन क्षेत्रको अति समस्याको रुपमा रहेको वन अतिक्रमण लाई नियन्त्रण गर्ने क्रममा यस गाउँपालिकाको कालिमाटी काल्चे ४ को सिम्लेमा ५ हे., काल्चे २ को दमदवालिमा ६ हेक्टर गरी जम्मा ११ हे. अतिक्रमित वन क्षेत्रलाई पुन: राष्ट्रिय वनको रुपा स्थापित गरिएको ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। सल्यान जिल्लाको मानव विकास सुचक ०.४४१ रहेको छ । मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सल्यान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.८० वर्ष र यसको सूचक ०.७३०, प्रौढ साक्षरता दर (Adult literacy) ५५.५० प्रतिशत र यसको सूचक ०.५५५, शिक्षा आर्जनमा खर्चेको औषत समय, (Mean years of schooling) ३.१७ वर्ष र यसको सूचक ०.२११ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) ७८६ अमेरिकी डलर र यसको सूचक ०.३४४ रहेको देखिन्छ।

तालिका नं. ७५ : **मानव विकास सुचांकको विवरण** (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| सल्यान | ६८.८० | ०.७३० | ५५.५० | ०.५५५ | ३.१७ | ०.२११ | ७८६ | ०.३४४ | ०.४४१ |

स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा सल्यान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति भन्दा केही राम्रो अवस्थामा रहेको देखिन्छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ।

जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाडौं जिल्लाको मानव गरीबी सूचकाङ्क २२.४५ (नेपालको ३१.१२) रहेको छ भने पुच्छारमा रहेको हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्कक ४९.२६ रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा सल्यान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४४.५० प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ८.२३ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४२.१९ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५४.१० प्रतिशत रहेको देखिन्छ।

(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार काठमाडौं जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये गरीबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरीबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। सल्यान जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ६९,६०५ रहेको देखिन्छ।

तालिका नं. ७६ : **गरीबीको दरको विवरण**

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ४६ | २८.८(८.७६) | ६.३३(२.५७) | २.०५(०.९९) | ६९६०५ |

(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)

## ९.४ गरिबी न्यूनीकरण

गाउँपालिकाको गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित हुनुपर्ने र विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

यसै क्रममा आ.व. ०७२/०७३ मा यस सल्यान जिल्लामा गरिविनिवारणका लागि लघु उद्यमविकास कार्यक्रम गरियो। विभिन्न तालिमहरु दिलाएर यस जिल्लाका मानिसहरुलाई रोजगारी तथा व्यवसायको लागि आन्तमनिर्भर बनाउने कार्य सफलतापूर्वक भयो जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ७७ : **गरिविनिवारणका लागी लघु उद्यमविकास कार्यक्रम तर्फ**

| सि.नं. | कार्यक्रमको शिर्षक | संचालित क्रियाकलाप संख्या | प्रस्तावित बजेट | खर्च रकम | प्रगति | बजेट श्रोत |
|---|---|---|---|---|---|---|
| १ | उद्यमीहरुको लागी मेला महोत्सव तथा स्टल सहयोग गर्ने | थारमारे, कालीमाट रामपुर, खलंगा, श्रीनगरर कपुरकोटको ११ जना उद्यमीलाई | ५०,००० | ५०,००० | १००% | नेपाल सरकार र UNDP |
| २ | लघु उद्यमीहरुलाई जिल्ला भित्र र जिल्ला बाहिर अवलोकन भ्रमण | विभिन्न गा.वि.स. का २० जनालाई अवलोकन | १,५०,००० | १,५०,००० | १००% | नेपाल सरकार र UNDP |
| ३ | उद्यमीहरुको लागि स्तरोन्नती तालिम | ३५ जनालाई तालिम( ४५ दिने ड्रेस डिजाईन र ७ दिने दुग्ध परिकार वनाउने तालिम | ३,५०,००० | २,७६,००० | १००% | नेपाल सरकार र UNDP |
| ४ | बजार सम्वन्ध निर्माण र उत्पादन प्रवर्द्धनमा सहयोग | २३ जनालाई बजार सम्वन्ध निर्माण र उत्पादन प्रवर्द्धनमा सहयोग लेवलिङ्ग, पेकेजिङ्ग, मार्किङ्ग र व्रान्डीङ्ग | १,२५,००० | १,२५,००० | १००% | नेपाल सरकार र UNDP |
| ५ | स्तरोन्नतीका लागि उद्यमीहरुलाई उपयुक्त प्रविधि प्रदान गर्ने | २५ लक्ष्य प्रगती २७ जना | २,५०,००० | २,५०,००० | १००% | नेपाल सरकार र UNDP |

श्रोत: जिल्ला विकास समिति, सल्यान

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २३,००५ जनताको बसोबास भएका गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै

अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानवविकास सुचकांक, लैंगिक समानता सुचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइपको  प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ४८.४५ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको प्रयोग गर्नेको संख्या १९.२७ प्रतिशत देखिन्छ। त्यस्तै, नदी/खोला प्रयोग गर्ने १७.०६ प्रतिशत, खुला इनार तथा कुवा प्रयोग गर्ने १३.०६ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका सल्यान जिल्लाको अन्य गाउँपालिकाहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६५.०१ प्रतिशत  (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७४.९० प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५५.६४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.२६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँवासीहरुको  प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षाा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।